**RESEARCH NOTE**

# पोखरा उपत्यकामा विवाह्-विच्छेद निम्त्याउने केही कारक तत्त्वहरू

**रामचन्द्र बराल**

**पृष्ठभूमि**

यो लेख त्रिभुवन विश्वविद्यालय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहका शोधपत्र लेखनका क्रममा २०५६ सालमा गरिएको अनुसन्धानमा आधारित छ । कास्की जिल्ला अदालतको अभिलेखमा भेटिएका २०४६-०५५ सम्मका कानुनी पारपाचुकीहरूमध्ये पोखरा उपत्यका र वरपरका ग्रामीण वस्तीमा वसोवास गर्ने तागाधारी जाति अर्थात ब्राह्मण-क्षेत्री जातिलाई केन्द्रित गरेर गहन अध्ययन गरिएको यस अनुसन्धानको निचोड पारिवारिक द्वन्द व्यवस्थापन र खोजका क्षेत्रमा चासो राख्ने प्राज्ञ तथा विद्यार्थीहरूलाई उपयोगी हुने छ । अनुसन्धानको निस्कर्षमा प्रस्तावित सैद्धान्तिक खाकालाई 'सिन्थेसिस' गर्नका निमित्त प्रशस्त 'एन्टी थेसीस' गराउनु यस लेखको उद्देश्य रहेको छ ।

अनुसन्धानका दौरान विवाह विच्छेदका कारक तत्वहरू र त्यसले पार्ने बहुअसरहरुको खोजी र उपचारको प्रस्तावना गरिएको भए पनि यस लेखमा विवाह विच्छेदका कारक तत्व र सैद्धान्तिक दृष्टिकोणलाई मात्र प्रस्तुत गर्न खोजिएको छ ।

दाम्पत्य जीवनमा आएको विघटनलाई 'फोकस' गरिएको यस अध्ययनमा विवाह-विच्छेदसँग सम्बन्धित सवैखाले घटना विवाहको सृजना, दाम्पत्य योजना, यौन जीवन र पारिवारिक व्यवस्थाको प्रभावकारितालाई समेत सूक्ष्म रूपमा केलाइनुका साथै सैद्धान्तिक समीकरण समेत प्रस्ताव गरेर विवाह-विच्छेदका कारण बाहिरी प्रभावबाट भन्दा पनि कौटुम्विकसम्बन्धको जालो भित्रैबाट सृजना हुने कुरा प्रष्ट देखाइएको छ । यस अध्ययनको प्रभावकारितामा भौगोलिक सीमाङ्कन भन्दा पनि सामाजिक व्यवस्था र वैवाहिक व्यवहारले महत्त्व राख्दछ । शोधमा उठाइए झैं कौटुम्बिकताले नै विघटनमुखी क्रियाकलाप सृजना र संचालन गर्न उद्यत भएमा नेपाल भरिका समाजमा यहाँ प्रस्तावित सिद्धान्तले प्रभाव राख्न सक्छ ।

*Contributions to Nepalese Studies*, Vol. 30, No. 1 (January 2003), 123-157
Copyright © 2003 CNAS/TU

तालिका नं. १ कास्की जिल्लाको पारपाचुकेको जातिगत आँकडा (२०४६-२०५५)

| साल | तागाधारी | मंगोल | नेवार | दलित | अन्य | कूल |
|---|---|---|---|---|---|---|
| २०४६ | २१ | १९ | ४ | ४ | ५ | ४५ |
| २०४७ | ५ | ८ | २ | १ | १ | १७ |
| २०४८ | १० | १६ | १ | ३ | ० | ३० |
| २०४९ | ३१ | २७ | ० | ७ | २ | ६७ |
| २०५० | १२ | ३१ | ३ | ७ | १ | ५४ |
| २०५१ | २१ | २२ | १ | ४ | २ | ५० |
| २०५२ | २१ | २५ | ५ | ५ | २ | ५८ |
| २०५३ | १९ | ३४ | ५ | ८ | १ | ६७ |
| २०५४ | २१ | ५० | ६ | ११ | ३ | ९१ |
| २०५५ | ४३ | ५५ | ७ | ७ | १ | ११३ |
| कूल | १९६ | २८७ | ३४ | ५७ | १८ | ५९२ |
| प्रतिशत | (३३%) | (४८.५%) | (५.७४) | (९.६२) | (३.०४%) | (१००%) |

*स्रोत: कास्की जिल्ला अदालत अभिलेख, २०४६-२०५५*

वैदिककालदेखि पौराणिक कालसम्म प्रचलित हिन्दू विवाहलाई स्मृतिकारहरूले दुइ भागमा बाँडेका छन्, धर्म विवाह (ब्राह्म, दैव, प्रजापत्य र आर्ष) तथा अधार्मिक (गन्धर्व, राक्षस, आसुर, पैचास) विवाह । धार्मिक विवाह वैदिक विधानले गरिने संस्कार भएकाले यो दाम्पत्य अटूट राख्न उनीहरूले विवाहको क्रममा 'सप्तपदी' प्रकृयामा प्रतिज्ञा गर्दछन् । त्यसैले त मनुस्मृतिमा विवाहको प्रमुख कार्यको रूपमा सप्तपदीलाई मानिन्छ । "कन्या एकपटक मात्र दान गरिन्छ, एउटालाई बचन दिएर अर्कालाई नदिनु, दण्ड लाग्नेछ । तर यदि सप्तपदीको कार्य बाँकी भएको र बाग्दानबाट दिएको कन्याका सवालमा अगिल्लोको तुलनामा उत्तम वर आएमा र अघिल्लो पातकी भएमा कन्यादान रोकी र उत्तम वरलाई दिनु । किनकि मनु वचन अनुसार सप्तपदी गरेर मात्र विवाह कार्य समाप्त हुनेछ भन्ने धारणा याज्ञवल्क्य स्मृतिले समेटेको छ (याज्ञवल्क्य १९८० : २८) ।

हिन्दू विवाह सामाजिक सम्झौताको विन्दुभन्दा धेरै टाढा छ, यहाँ एउटा महिला र पुरुषको एकताभन्दा पनि दुई परिवार बीचको एकतालाई जोड दिइन्छ । यसर्थ यो धार्मिक संस्था र प्रतीक पनि हो । विवाहद्वारा ती व्यक्तिहरू आमरण एक आपसमा बाँधिएका हुन्छन्, ती परिवार तथा कुटुम्वहरुको कार्यात्मक सम्बन्ध त निक्कै पछिल्लो पिँढीसम्म पनि कृयाशील रहन्छ । "मावली खाने सात पुस्ता" भन्ने उखानले नै यसको कौटुम्विकीय प्रभाव देखाउँछ । हिन्दू मान्यतामा गौरीशंकरको एकरूपता मानिए झैं दम्पती पनि सहअंगी भएमा मात्र पूर्ण मानिन्छ भन्ने धार्मिक, नैतिक र आध्यात्मिक मत भएकोले विवाह विच्छेदलाई

स्वीकार्य नमानिएको हो (Boodhoo 1994: 50-94) । हिन्दू धर्मशास्त्रमा पति र पत्नि वैदिक विधिपूर्वक एउटै तन, एउटै मन र एउटै धर्मका लागि प्रतिज्ञावद्ध दाम्पत्यमा बाँधिने मान्यताले गर्दा पारपाचुकेको प्रावधान पाइँदैन । वैदिक समाज सरल थियो र त्यतिबेलाको सरल समाजमा पारिवारिक जटिलता कम हुने भएकोले होला वैदिक साहित्यमा विवाह विच्छेद सम्बन्धी कुनै प्रकारको चर्चा पाइँदैन । पति पत्नीमा आमरण निष्ठापूर्वक पतित्व र पत्नीत्व को परम धर्ममा अनुवन्धित हुनु नै विवाह संस्कार भएकोले यो सम्बन्ध विखण्डन हुन नसक्ने (अटूट साइनो) मानिन्छ (मनु स्मृति ९/१००) । धर्मपूर्वक एकता भएका अर्धाङ्गी/अर्धाङ्गिनीहरु विवाह विच्छेद गरेर विखण्डित तथा अपाङ्ग प्रायः हुने कुरालाई धर्मशास्त्रले सम्मति नदिएको देखिन्छ ।

धर्मशास्त्रका पालामा "विवाह विच्छेद" को शाब्दिक प्रयोग नपाइए पनि एउटा विवाहलाई निस्क्रीय बनाई अर्को विवाह गर्ने प्रावधान भने पर्याप्त मात्रामा पाइन्छ । मनुले वाग्दान गरीसकिएकी कन्यालाई पनि यदि 'सप्तपदी' पुरा भएको छैन भने पहिलोबाट कन्या हरण गर्न सकिने (याज्ञवल्क्य १९८० : २८) कुराको उल्लेख हामीले अघिल्ला अनुच्छेदमा पायौ । यसबाट के स्पष्ट हुन्छ भने 'सप्तपदी' नगरिएका विवाहहरु विच्छेद हुन सक्ने शास्त्रीय मत छ । मनुस्मृतिको युगताका एक उदारवादी ऋषि पराशरले पाँचवटा दोष (पंच खत) भएको अवस्थामा विवाह विच्छेद हुन सक्ने कुरा अगाडि सारेका छन् (परासर १९६८ : ३४) ।[७] पराशर स्मृतिमा उल्लेख भए अनुसार लोग्ने नष्ट भएमा (हराएमा), मरेमा, जोगी/सन्यासी भएमा, नपुंसक (क्लीव) भएमा र पतित्वबाट पतन भएमा त्यस्ती नारीलाई अर्को विवाह गर्न दिनु पर्दछ । यस्तैगरी कौटिल्यले आफ्नो अर्थशास्त्रमा विवाह-विच्छेद बारेमा पक्षपाती विचार राखेका छन् । एकातिर उनी कुनै पनि नीच, प्रवासी, परदेशी, राजद्रोही, हत्यारा, जाति-धर्मच्यूत तथा नपुंसक लोग्नेसँग स्त्रीले विवाह-विच्छेद गर्न सक्ने छिन् (अर्थशास्त्र ३:२: ५९; मुकर्जी १९७९) भनेका छन् भने अर्कोतिर धर्म विवाह गरिएका दम्पतीमा कुनै पनि अवस्थामा विवाह-विच्छेद हुन सक्दैन भन्दछन् । अर्थात् अभिभावकद्वारा कुनै पनि प्रकारको कन्यादान र सप्तपदीको प्रकृयामा विवाहित स्त्री-पुरुषलाई पारपाचुकेको सम्भावना मनुले झैं कौटिल्यले पनि दिँदैनन् । तर पुनः विवाहको सवालमा उनी लोग्ने मान्छेलाई पुत्रका लागि पुनः विवाह गर्न र स्त्रीका लागि पनि लोग्ने परदेश गएको दश मासिक धर्मपछि धर्माधिकारीको आज्ञाले पति तर्फको सपिण्डमा विवाह गर्न सकिने वताउँछन् (मुकर्जी १९७९:३६४) ।

यहाँ लोग्नेले पुनः विवाह गर्दा पूर्व विवाह विखण्डनको आवश्यकता देखाइँदैन तर नारीले पुनः विवाह गर्दा पूर्व विवाहको अस्तित्व समाप्त हुन्छ । कौटिल्यले स्त्रीलाई जुन अवस्थामा पुनः विवाहको अनुमति दिए, त्यसबाट पूर्व विवाहको विखण्डन हुन सक्ने सम्भावनालाई स्वीकार गरिएको बुझ्न सकिन्छ । "पारिवारिक स्थिरता निरन्तरता दिनका भनि कौटिल्यले प्रथम चार प्रकारका (ब्राम्ह-दैव-आर्ष-प्रजापत्य) धर्म विवाहलाई पारपाचुकेको अनुमति दिन नहुने बताए पनि केटा वा केटी दुवै पक्षमा गम्भीर दोषहरू विवाह पछि थाहा पाइएमा त्यस्ता विवाह अमान्य मात्र नभई गम्भीर दोषहरु लुकाउने पक्षलाई आर्थिक जरिवाना समेत

हुने कुरा उल्लेख गरेका छन् (मुकर्जी १९७९:३६४) । यतिवेला छुट्टिएको श्रीमती माथिको साँस्कृतिक र कानूनी साइनो भइ नै रहन्थ्यो (Thapaliya 1995:19) । यसरी हेर्दा परित्यक्तालाई पुनः विवाह गर्ने सवर्ण पुरुषको अभाव भएकोले पूर्व पतिबाट अटूट रुपमा कर्तव्यको साइनो निरन्तर गराई राख्न, विवाह संस्कारको महत्वलाई वचाई राख्न हिन्दू शास्त्रहरूमा सम्बन्ध विच्छेदको प्रावधान दुर्लभ भएको देखिन्छ ।

भारतीय समाजमा पनि मनुस्मृतिको प्रभावले विवाह विच्छेदको प्रचलन थिएन । तर तल्लो भनिएका जातहरूमा भने यो प्रचलनमा थियो । जाति व्यवस्थामा उपल्ला भनिएका तागाधारीहरूलाई धर्मसंस्कारको संरक्षण र प्रयोगकर्ता वर्ग मानिएकोले उनीहरूलाई पारपाचुकेको अनुमति थिएन । यूरोपमा रोमन कानुनअर्न्तगत विवाहलाई सम्झौता मानिन थालियो । मुस्लिम कानुनले पनि विवाहलाई सम्झौताको रुपमा लियो । अंग्रेजले आफ्नो उपनिवेशमा आफ्नो देशको कानुन प्रचार गऱ्यो । भारतमा Native converts marriage Dissolution Act 1866 पारित भएपछि पति वा पत्नीले धर्म परिवर्तन गरे पनि विवाह विच्छेद हुन सक्ने गरियो । त्यसपछि वनेका भारतीय कानुनहरूमा विवाह विच्छेदको व्यवस्था भयो । मानिसको स्वतन्त्रता र नागरिक हकको नाराको साथसाथै विवाह विच्छेद हुनसक्ने कानुनी व्यवस्था पनि विकसित हुँदै गयो (श्रेष्ठ २०४९:२५) । भारतीय हिन्दू विवाह ऐन, १९५५ ले स्पष्ट रुपमा निश्चित कारणहरू खुलाएर विवाह विच्छेदको व्यवस्था गऱ्यो । समयको क्रममा नेपाली जनजातिहरूमा पारपाचुकेको प्रथा विकसित रुपमा देखा पर्न थाले । फलस्वरुप तत्कालीन शक्तिशाली राणा प्रधान मन्त्री जंग बहादुर राणाले मुलुकी ऐन १९१० मा लोग्ने स्वास्नी बीच विवाद भएमा "सिन्को भाँची छुट्टिन" सकिने प्रावधान ल्याए । यसको अर्थ पार्थक्य थियो, कानुनतः विवाह-विच्छेद थिएन । यसमा दम्पतीमा यौन सम्बन्ध निषेध गर्न मात्र खोजिएको थियो, श्रीमती पोइल नगएसम्म श्रीमानले जीविकाको व्यवस्था मिलाई दिनु पर्दथ्यो (Thapaliya, 1995: 19)।

वि.सं. १९९२ मा मुलुकी ऐनलाई पाँच भागमा विभाजन गरी "लोग्ने स्वास्नीको महल" खडा गरियो । यसमा विवाह विच्छेदका केही प्रावधान राखियो । विवाह विच्छेदका लागि स्वास्नीको उपयुक्त कमजोरी देखाउनु पर्ने, अन्यथा तलाक नहुने नियम राखियो । "दुवै दम्पतीका सहमति भएमा कानूनी रीत पुऱ्याएर गाउँका भद्र-भलादमीको साक्षी प्रमाण सहित "दोहोरो लिखत" गरी पारपाचुके गर्न सक्दथे । यो कार्य गाउँका मुखिया (सरकारका स्थानीय प्रतिनिधि; जसले गाउँको De-Facto शक्ति परिचालन गर्दथे) हरूकोमा "घरसारको लिखत" गरी पारपाचुके गर्न सक्दथे । तर यो सुविधा तागाधारी बाहेकलाई मात्र उपलव्ध थियो । तत्कालिन नेपालमा सवैलाई एउटै कानूनी दायरा उपलब्ध थिएन । प्रजातन्त्रको वहाली (२००७) पछि नेपाल विश्वका लागि खुल्ला भयो र विश्वका परिवर्तनले प्रभाव पार्ने अवस्था देखा पऱ्यो ।

भारतीय कानूनमा तागाधारीलाई पनि विवाह विच्छेदको प्रावधान राखिएको (सन् १९५५) अवस्थामा त्यसको प्रभाव नेपाली समाजमा पनि देखा पर्न थाल्यो । मुलुकी ऐनको संशोधन २०२० ले नेपालका सवै जात-जाति भाषा-भाषीहरूलाई एउटै कानुनी दायरामा समेट्यो ।

फलस्वरूप "घरसारको लिखत" गर्ने पाचुके चलनलाई खारेज गरी पारपाचुकेको फैसला गर्ने काम अदालतबाट हुने व्यवस्था गर्‍यो । जनजातिहरूले पाउँदै आएको विवाह-विच्छेदको हकलाई तागाधारीहरूले पनि कानूनी रुपमा उपभोग गर्न पाए । कानूनी रुपमा तागाधारीहरूले विवाह-विच्छेद गर्ने हक नपाएसम्म समाजमा तागाधारी जातिमा पारपाचुकेका घटनाहरू घटेनन् भन्न त्यति सकिँदैन । किनभने पारिवारिक असन्तुष्टिका कारण महिलाहरूले आत्महत्या गर्न पुगेका, माइतीघरको शरणमा बस्न पुगेका, पोइला गएका र मुडिएर जोगी बनेका घटनाहरू तागाधारी समाजमा छिटफुट रुपमा भएका कुराहरू अध्ययन क्षेत्रका वृद्ध वृद्धाहरूसँगको छलफलमा पाइएको छ । कानूनी रुपमा विवाह-विच्छेदको अवस्था नपाइए पनि सामाजिक रूपमा परिवार र दाम्पत्य विखण्डनका नमूनाहरू त्यसपूर्व पनि तागाधारी समाजमा पाइन्थे भन्ने कुरा स्थलगत अध्ययनको क्रममा पाइएका सूचनाहरूले पुष्टी गरेको छ ।

आधुनिक राज्य व्यवस्था तिर फड्कोमार्ने क्रममा हाम्रो मुलुकले पनि परिवर्तित सामाजिक जटिलतालाई सामना गर्न कानुनी सर्वोपरी राज्यको अवधारणालाई अवलम्बन गर्न थाल्यो । विवाह पछि व्यक्तिको धनमा श्रीमतीको पनि समान हैसियत रहने कानुनी प्रावधानले महत्वपूर्ण आर्थिक सवालको निर्णय प्रकृयामा श्रीमतिको पनि निर्णायत्मक हैसियत स्थापित भएकोले प्रशासनिक निकायमा विवाह दर्ता गर्नुपर्ने प्रणाली बस्यो । परिवारका कानुनी कृयाकलापमा सकृय रहन सक्ने कानूनी हैसियत प्राप्त गर्न जवसम्म कानूनतः विवाह दर्ता हुँदैन तबसम्म श्रीमतीको हक स्थापित गर्न कानूनी प्रकृया पुग्दैन, यसर्थ नै विवाह दर्ताको प्रकृया सामाजिक रुपमा बढ्न थाल्यो । त्यसैक्रममा पूर्वकालीन शैलीमा स्वास्नी अर्को व्यक्तिसँग पोइल गइन् भने कानूनी प्रकृयामा उनको पूर्वपतिको परिवारमा रहेको कानूनी हैसियत बन्दगर्न फेरी कानूनतः सम्बन्ध तोडिएको पनि अभिलेख राख्नु पर्ने भयो, अन्यथा कानूनतः उनी पूर्व पतिकी स्वास्नी भैरहने र निजको सम्पतिमा दावी गर्नसक्ने कानूनी हैसियत हुने भएकाले विवाह दर्ता गर्न हतार नगरे पनि पारपाचुके दर्ता गर्न समाजमा हतार देखिन थाल्यो । वि.सं. २०२० को मुलुकी ऐन क्रियाशील भएपछि तागाधारीहरूले पनि विकृत विवाहबाट "स्वतन्त्र" हुने मौका पाएकाले कानूनी पारपाचुके गर्नेहरूको सूचीमा प्रवेश लिनथाले । त्यसभन्दा पहिले कुनैपनि तागाधारी जातिको व्यक्तिलाई पारपाचुके गर्ने कानूनी हक थिएन । २०२० सालपछि कानूनले सम्मतिको ढोका खोलेपछि सामाजिक रुपमा पारपाचुके गर्न सकिने अवस्था बन्द भयो र सबैले अड्डामा नै जानुपर्ने बाध्यता बन्यो (बराल, २०५७ : ४२) ।

**दम्पतिबीच अन्तरक्रियात्मक सम्बन्धको विवेचना**

अध्ययनका क्रममा संकलित तथ्याङ्कहरूले दिएका सूचनाहरू र अनुभवले दिएका सूचनाहरू विश्लेषण गर्ने दुईवटा प्रक्रिया समावेश गरिएका छन् । तथ्याङ्कहरू विशेषतः वैवाहिकता अध्ययनकै सेरोफेरोमा परेका हुनाले समाजमा क्रियाशील विवाहका प्रकार, जोडी चयनका प्रक्रिया, दाम्पत्य सृजना र सञ्चालनका प्रक्रिया, दम्पतीका यौन जीवनको सन्तुलन तथा

पारपाचुके हुन पुग्नुका कारण र सोबाट पर्न गएका असरहरूका पक्षमा विभिन्न शीर्षक र उपशीर्षकहरू मार्फत प्रष्ट्याउने प्रयास गरिएको छ । यहाँ संलग्न सूचनाहरूका आधार भनेका सम्बन्धित पक्षहरूसँग शोधकर्ताको व्यवस्थित प्रत्यक्ष अन्तरक्रिया र अवलोकनमा संकलित तथ्यहरू हुन र 'उनीहरूकै अनुभवमा उनीहरूको घटना केलाउने' दृष्टिकोण अवलम्बन गरिएको छ ।

**जातिगत आधारमा पारपाचुकेको स्थिति** : अध्ययन केन्द्रित तागाधारीहरूमा पारपाचुकेको चलन तत्संवन्धी कानूनी छूट प्राप्त भएदेखि (वि.सं. २०२०) के कत्तिको अवस्थामा रहेको थियो भन्ने बारेमा पनि खोजी गर्ने जमर्को भएको थियो । तर अदालतमा मिसिलको व्यवस्था अव्यवस्थित भएकाले र तथ्याङ्क प्राप्त गर्न नसकिएकाले २०३० साल देखिका तथ्याङ्कहरू मात्र प्रारम्भिक अवस्थामा संकलन गरिएको छ । संकलित तथ्याङ्कको आँकडा तालिका ३ मा दिइएको छ ।

तालिका नं. ३ मा उल्लेखित आँकडामा वि.सं. २०३० सालदेखि २०४५ सालसम्म क्षेत्रीहरूको पारपाचुके घटना अगाडि देखिएको छ भने २०४६ साल देखि ब्राह्मण जातिको पारपाचुकेको घटनाले अगुवाई गर्न थालेको छ । यसमा ०४६ साल देखि क्षेत्री जातीहरूको विवाह-विच्छेदका घटना कम हुन थालेका भने होइनन्, उनीहरूलाई उछिनेर ब्राह्मण जातिका विवाह-विच्छेदका घटनाहरू तिब्र गतिमा अगाडि आउन थालेका देखिन्छन् ।

**तालिका नं. ३ कास्की जिल्लाका तागाधारी पारपाचुकीको जातिगत वितरण (२०३०-५५)**

| वर्ष | ब्राह्मण | क्षेत्री | कुल |
|---|---|---|---|
| २०३०-३५ | १७ (४४.७%) | २१ (५५.३%) | ३८ (१००%) |
| ०३६-४० | १६ (४८.७% | १७ (५१.५%) | ३३ (१००%) |
| ०४१-४५ | २७ (४६%) | ३२ (५४%) | ५९ (१००%) |
| ०४६-५०# | ३९ (५५%) | ३२ (४५%) | ७१ (१००%) |
| ०५१-५५# | ७४ (५९%) | ५१ (४१%) | १२५ (१००%) |
| कूल | १७३ (५३%) | १५३ (४७%) | ३२६ (१००%) |

\# नोट: यस अध्ययनले समेटेको अवधि ।

*स्रोत: कास्की जिल्ला अदालत अभिलेख, २०३०-५५*

कट्टरपन्थी संस्कारभीरू मानिएका तागाधारी मध्येमा पनि ब्राह्मणहरूमा समेत यसरी विवाह विच्छेदका घटना वर्षेनी बढ्दै जानुले आजको समाजमा कि त परम्परागत साँस्कृतिक नियन्त्रणको घेरा कमजोर भएको देखाउँछ, कि संस्कारको आडम्बरमा पवित्र वैवाहिकताका नाममा गरिएका कृत्यहरू अपवित्र भएकाले दम्पतीहरू स्वयंले भत्काउँदैछन् कि भन्ने प्रश्न उठाएको छ । स्थलगत अध्ययनमा पाइएको अभिमत अनुसारको आँकडा (तालिका नं. ४) अनुसार तागाधारीहरु

मध्ये सबैभन्दा उपल्लो दर्जामा रहेका उपाध्याय जातिमा पनि पारपाचुके हुने गरेको तथ्य देखिएको छ ।

**तालिका नं. ४ नमूना सर्वेक्षणका जोडीको जातीय वितरण**

| उपाध्याय दम्पति | जैशी दम्पति | क्षेत्री दम्पति | कुल जोडी |
|---|---|---|---|
| ५ | १० | ९ | २४ |
| २०.८% | ४१.७% | ३७.५% | १००% |

*श्रोत: स्थलगत सर्वेक्षण, २०५६ ।*

यस आँकडाले उपाध्याय, जैशी र क्षेत्री दम्पतीमा पारपाचुकेको मात्रा घटी बढी देखाए पनि सबै जातीय तहमा पारपाचुकेका घटनाहरु निरपेक्ष रूपमा हुने गरेको तथ्य २०% भन्दा माथिको तथ्याङ्कले प्रष्ट पार्दछ । यसर्थ विवाह-विच्छेद कुनै धर्म-जातिका आधारमा हुने वा नहुने भन्ने व्याख्याहरू गलत देखिन्छन् । विधिपूर्वक विवाह संस्कार गर्ने कहलिएका ब्राह्मणहरूमा पनि दाम्पत्य संयोग त्रुटिपूर्ण सावित भएका यी घटनाले उनीहरूले अभ्यास गरेका जोडी चयन तथा दाम्पत्य सञ्चालनको पद्धति वा व्यवस्थामा अवश्य पनि कुनै ठाउँमा कुनै त्रुटी भइरहेको तथ्य स्पष्ट पार्छ । त्यस्तैगरी क्षेत्रीका तुलनामा ब्राह्मणहरूमा बढी पारिवारिक विखण्डन आएको तथ्यले ब्राह्मण परिवारमा दाम्पत्य जीवन बढी अनुदार भएकाले असन्तुलित हुने गरेको हो कि भन्ने प्रश्न उठाएको छ ।

**जोडी चयनका प्रक्रिया र पारपाचुकीहरुको वितरण** : जोडी चयनको प्रक्रिया भन्नाले विवाहपूर्व केटा र केटीका बीचमा वैवाहिक सम्बन्ध स्थापना गर्ने सवालमा कुन पक्षले सक्रिय भूमिका निर्वाह गरेको थियो भन्ने तथ्यका आधारमा निर्धारण गरिएको छ । वयस्कहरूको दाम्पत्य स्थापनाको निर्णय कसले गऱ्यो र कसरी गराइयो भन्ने तथ्यले उनीहरूको विवाह सम्बन्धको सृजना कसरी हुन पुग्यो भन्ने तथ्य यहाँ केलाउन खोजिएको छ । त्यस्तै कसरी सृजना भएका विवाह (जोडी चयन) मा पारपाचुकेको स्थिति कस्तो रहन पुगेको छ भन्ने तथ्य पनि पत्ता लगाउन खोजिएको छ ।

पोखरा उपत्यकामा तागाधारी समुदायमा पाँच प्रकारले जोडी चयन गर्ने अभ्यास हुने गरेको तथ्य तालिका नं. ५ ले देखाएको छ । यहाँ पेशेवर लमीको पहलमा विवाह गर्ने प्रचलन अझै बसिसकेको देखिँदैन । काठमाडौंमा पेशेवर रूपमा विवाहका जोडी खोज्ने काममा पहल गर्न बसेका 'म्यारीज व्युरो' ले पोखरामा प्रभाव नपारेको भए पनि सामाजिक लमीले बढी भूमिका निर्वाह गरेको आँकडा (३७.५%) विवाहमा देखिएको संलग्नताले देखाउँछ । यसो त तथ्याङ्कले दिएको सूचना अनुसार पारपाचुके भएका विवाहहरूमा सबैभन्दा बढी ३७.५% सामाजिक लमीको पहलमा गरिएको विवाह र उत्तिकै तहमा ३७.५% निजी पहलमा भएका प्रेम विवाह समान रूपमा अगाडि छन् । दोश्रो दर्जामा १२.५% इष्ट मित्रको पहलमा भएको विवाह, तेश्रो दर्जामा ८.३% समूहगत/दलगत पहलमा गरिएको विवाह र चौथौं दर्जामा ४.२% अभिभावकको पहलमा भएको विवाहमा पनि विखण्डन देखिएको छ ।

तालिका नं. ५ जोडी चयनमा प्रमुख भूमिका खेल्नेहरू

| जोडी चयनका प्रक्रिया | प्रभावित जोडी | प्रतिशत | मागी विवाह | प्रेम विवाह |
|---|---|---|---|---|
| (क) अभिभावकको पहलमा जोडी चयन | १ | ४.२% | १ | - |
| (ख) इष्टमित्रको पहलमा जोडी चयन | ३ | १२.५% | ३ | - |
| (ग) सामाजिक लमीको पहलमा जोडी चयन | ९ | ३७.५% | ९ | - |
| #(घ) पेशेवर लमीको पहलमा जोडी चयन | ० | ०% | - | - |
| (ङ) निजी पहलमा जोडी चयन | ९ | ३७.५% | - | ९ |
| (च) समूहगत/दलगत पहलमा जोडी चयन | २ | ८.३% | - | २ |
| कुल | २४ | १००% | ५४.२ | ४५.८ |

#नोटः यस क्षेत्रमा पेशेवर लमीको पहलमा जोडी चयन भएका सरोकार घटना पाइएनन् ।

*स्रोतः स्थलगत सर्वेक्षण, २०५६ ।*

यस्तै क्रममा विवाहका प्रकारहरूको आधारमा हेर्ने हो भने पारपाचुके भएका मध्ये बढीजसो ५४.२% मागी विवाहमा परेका छन् भने स्वेच्छिक सम्मतिका आधारमा भएका भनिने प्रेम विवाहले पनि ४५.८% पारपाचुकेको आकारमा स्थान लिएको छ ।

उल्लेखित आँकडाले दिएको सूचना अनुसार सामाजिक लमीको पहलमा गरिएका विवाह र नीजी पहलमा भएका विवाहमा अत्याधिक संख्यामा पारपाचुके गर्नेहरु देखिएका छन् । अभिभावकको पहलबाट गरेर गरिएका विवाह पनि यसबाट अछुतो रहन सकेका छैनन् । अझ, माँगी विवाह र प्रेम विवाह दुवैमा करिब करिब उस्तै दाँजोमा विखण्डन रोपिएको देखिएको छ । अन्तरर्वार्ता क्रममा प्रेमविवाहका अधिकांश जोडीहरूले 'माँगी विवाह ठीक हो कि' भन्दै थिए भने मागी विवाहका जोडीले "प्रेम विवाह पो ठीक हुन्थ्यो होला" भन्ने धारणा व्यक्त गरेका छन् । यसले के देखाउँछ भने चाहे अभिभावकले वा इस्टमित्रले वा लमीले पहल गरेको माँगी विवाह होस चाहे निजी पहलमा वा दलगत पहलमा गरिएको प्रेम विवाह होस्, सबै खाले शैलीका विवाह विखण्डिन हुन पुगेका छन् । माँगी विवाह र प्रेम विवाह आफैमा कुनै पारपाचुकेबाट सुरक्षित वा असुरक्षित भनेर व्याख्या गर्न नहुने देखिएको छ । कारण यी दुवै खाले विवाहमा खरावी पाइएको छ र दुवैशैली दोषमुक्त हुन सकेका छैनन् ।

**जोडी छनौटको क्रममा स्वस्थ पहिचानको स्थिति** : विवाह जीवन्त सामाजिक व्यवहार भएकोले यसमा प्रवेश गर्ने प्रक्रियामा जोडीका प्रत्याशीहरू एक आपसमा स्वस्थ पहिचान भएर गरिएको निर्णय दिगो र पारदर्शी रहन सक्छ । अस्वस्थ तथा छलकपटमा, बनाइएको आडम्बरसँगको पहिचानका आधारमा गरिएको निर्णय विवाहपछि वास्तविकता पत्ता लागेको अवस्थामा एक-अर्कामा अविश्वास, शंका र धोकाको दृष्टिकोण रहने प्रवल सम्भावना हुन्छ । हाम्रो ग्रामीण जनजीवनमा विवाह गराउने क्रममा स्वस्थ पहिचानको अभाव रहेको गुनासो

प्रशस्त सुनिन्छन् र "ढाँटी ढुटी विहे..." भन्ने आख्यानको प्रचलनले त्यस्तै गुमराहमा पारी विवाह गराइने शैलीको छनक दिन्छ । प्रारम्भिक पहिचानका क्रममा पारदर्शी रूपमा प्रस्तावित प्रत्याशीहरूमा एक अर्काका बारेमा जान्न-बुझ्न पर्ने समग्र दाम्पत्य जीवनसँग सरोकार पक्षका बारेमा स्वयम् प्रत्याशी बीचमै छलफल भएर एकले अर्काको मनोविश्लेषण गरेर, भविश्यको योजना र आपसी अपेक्षित तालमेलका बारेमा पारदर्शी अन्तरक्रिया गरी एकले अर्कोलाई स्पष्टसँग चिन्न, चिनाउन पाउनु पर्ने मान्यतालाई स्वस्थ पहिचानको स्थिति भित्र समेटिएको छ । विवाहमा स्वस्थ पहिचानको अभावमा अगाडि बढाइएका प्रक्रियाहरू दुवै पक्षले काल्पनिक सोचाईको भरमा र मध्यस्त पक्ष (लमी) को अवास्तविक भनाइको लहै-लहैमा संयोग गराइएमा दम्पतीका बीचमा मनोवैज्ञानिक विचलन हुने र यसको असरले दाम्पत्य जीवनमा विश्वास र हार्दिकताको अभाव हुने भएकोले जोडी छनौटको क्रममा स्वस्थ्य पहिचानको मात्रा र प्रक्रिया जस्तो हुन्छ, त्यसको असर दाम्पत्य जीवनमा पनि प्रत्यक्ष रूपमा पर्दछ । त्यसैले अध्ययन गरिएका घटनाहरूमा अपेक्षित स्वस्थ पहिचानको स्थिति के कस्तो थियो भन्ने बारेमा तथ्य संकलन गरिएको छ ।

**तालिका नं. ६. स्वस्थ पहिचानको आधारमा जोडीको वितरण**

| विहेको प्रकारं | स्वस्थ्य पहिचान भएका | स्वस्थ्य पहिचान हुन नपाएका |
|---|---|---|
| मागी विवाह | ० | १३ (१००%) |
| प्रेम विवाह | ४ (३६.४%) | ७ (६३.७%) |
| कुल | ४ (१६.६६%) | २० (८३.३३%) |

*स्रोत: स्थलगत सर्वेक्षण, २०५६ ।*

अध्ययनको आँकडा (तालिका नं. ६) ले देखाएको सूचना अनुसार कुल पारपाचुके भएका मध्ये ८३% भन्दा बढी विवाहहरू स्वस्थ पहिचान हुन नपाइकनै विवाह गरिएको देखिन्छ । सूक्ष्मतम् रूपमा केलाउँदा मागी विवाहमा स्वस्थ्य पहिचानको स्थिति शुन्य रहेको देखिएको छ भने प्रेम विवाह भनिएका घटनाहरूमा पनि करिब ६३% जति प्रेम विवाह स्वस्थ पहिचानको अभावमा सृजीत भएका छन् । उपरोक्त तथ्यले के देखाउँछ भने समग्र मागी विवाहमा केटा-केटी (प्रत्याशी) लाई एक अर्कालाई चिन्ने प्रक्रिया नै नदिइएको पुष्टी हुन्छ भने प्रेम विवाहमा पनि सतही परिचय र छलकपटका कृत्यहरू हुने गरेकोले समग्र आवश्यक पहिचान नभइकनै विवाहमा बाँधिएको देखिएको छ । प्रेम विवाहमा पनि छलकपट गर्ने प्रवृत्तिमा ६३.६% घटनामा पुरुषहरू दोषी देखिएका छन् भने ९.१% घटनामा महिला दोषी देखिएकी छन् । सामान्य अवस्थामा समाहित भएका घटना जम्मा २७.३% मात्र देखिन्छन् । समाजमा प्रचलित विवाहहरू चाहे मागी हुन वा प्रेम विवाह हुन, यिनीहरूमा अधिक मात्रामा अस्वस्थ प्रक्रियामा जोडी छनौट गर्ने गरिएको देखिनुले यी दुवैखाले शैलीलाई स्वस्थ प्रक्रिया मान्न सकिँदैन । तालिका नं. ६ मा स्वस्थ पहिचान भएका ४ जोडी प्रेम

विवाहिताहरूको पनि पारपाचुके भएको तथ्यले 'स्वस्थ पहिचान' ले मात्रै पनि पारपाचुके नरोकिने तथ्य देखाएको छ । ती चार जोडीहरूमा आपसी स्वस्थ पहिचान भए पनि समग्र कौटुम्बिक सम्बन्धको जालोको तर्फबाट हार्दिक सम्मति प्राप्त नभएकोले यिनीहरूमा दाम्पत्य विखण्डन देखा परेको हो ।

**विवाह सम्बन्धी निर्णयमा हार्दिक सम्मतिको स्थिति** : हाम्रो जस्तो ग्रामीण सामाजिक पृष्ठभूमिमा विवाहले एक स्त्री र अर्को पुरुष बीच सम्बन्ध स्थापित गर्ने कुरा मात्र नभइ एउटा परिवार र अर्को परिवारका बीचमा पनि सम्बन्ध स्थापित गराउँछ । व्यक्ति पारिवारिक व्यवस्थाको एक इकाई मात्र हो र उसका क्रियाकलापले पारिवारिक व्यवस्थाको सन्तुलनमा प्रत्यक्ष प्रभाव पार्ने भएकोले उसका हरेक क्रियाकलापहरू र पारिवारिक व्यवस्थाका बीच पारस्परिक सम्बन्ध रहन्छ । विवाहद्वारा एउटा नयाँ कौटुम्बिकसम्बन्धको जालो निर्माण हुन्छ । त्यो कौटुम्बिकसम्बन्धको जालोमा कुल पक्षको परिवार र कुटुम्ब पक्षको परिवारका वीचको सामनजस्यता हुन्छ । यसका प्रत्यक्ष क्रियाशील पक्ष 'वर' र 'कन्या' का क्रियाकलाप तथा उनीहरूको दाम्पत्य सम्बन्धको प्रभावकारितामा तिनै कौटुम्बिकताका अन्य सहयोगी तत्वहरूको दृष्टिकोण र अन्तरक्रियात्मक सम्बन्धले प्रभाव पार्दछ । यसकारण विवाहका बारेमा व्यक्तिले निजी रूपमा लिएको निर्णयलाई कौटुम्बिकताले सम्मति दिएमा मात्र वैवाहिकता सन्तुलित रूपमा सञ्चालित हुन सक्छ, अन्यथा यस्तो सम्मतिको अभावमा विचलित हुनपुग्छ । विवाहको निर्णय गर्दा वर र कन्याका पक्षबाट कुनै पनि लोभलालच र करकाप तथा विवशतामा नपारी हार्दिक रूपमा विवाहको सम्मति हुनु सफल दाम्पत्यको लागि दोश्रो आवश्यक शर्त देखिएको छ । पहिले स्वस्थ पहिचान नै नभई गरिएको सम्मतिलाई हार्दिक सम्मतिको दर्जामा राख्न नहुने देखिन्छ । त्यस्तै वर र कन्याका बीचको सम्मतिपूर्ण निर्णयसँग कौटुम्विकताका कुल र कुटुम्व पक्षका परिवारहरूबाट पनि त्यो विवाहलाई हार्दिक सम्मति दिइएको भए मात्र नवीन वैवाहिक सम्बन्धलाई जीवन्तरूप दिनका लागि उपयोगी वातावरण निर्माण हुन सक्ने देखिन्छ । कौटुम्बिकीयको कुनै एकमात्र तत्व चाहे प्रत्यक्ष क्रियाशील तत्व (दम्पती) को होस् /अथवा आंगिक तत्वहरूको होस यिन्को हार्दिक सम्मति बिना विवाह गरियो भने त्यस्तो वैवाहिक जीवनको जीवन्ततामा धेरै कठिनाइहरू आइपरेका छन । त्यस्तो विचलित परिस्थितिमा कौटुम्बिकीयका अधिकांश क्रियाकलापहरू वैवाहिकता टिकाउन भन्दा पनि टुटाउन तर्फ बढी क्रियाशील हुन पुगेका देखिन्छन् ।

**तालिका नं. ७ हार्दिक सम्मतिको आधारमा जोडीहरूको वितरण**

| (क) | | | | |
|---|---|---|---|---|
| विवाहको प्रकार | सम्मति थियो | | सम्मति थिएन | |
| प्रेमविवाह | ४ | ३६.४% | ७ | ६३.६% |
| मागी विवाह | ३ | २३% | १० | ७७% |
| | | | | |
| कूल | ७ | २९.२% | १७ | ७०.८% |

| (ख) | | | | |
|---|---|---|---|---|
| जाति | सम्मति थियो | | सम्मति थिएन | |
| उपाध्याय | २ | ४०% | ३ | ६०% |
| जैशी | ४ | ४०% | ६ | ६०% |
| क्षेत्री | १ | ११% | ८ | ८९% |
| कूल | ७ | २९.२% | १७ | ७०.८% |

*स्रोत: स्थलगत अध्ययन, २०५६ ।*

यस अध्ययनका क्रममा उत्तरदाताहरूसँग उनीहरूको विवाहको निर्णयमा यहाँ परिभाषित गरिए बमोजिमको हार्दिक सम्मति भए नभएको बारेमा पनि अन्तरक्रिया गरिएको थियो । उल्लेखित आँकडा (तालिका नं. ७) ले ७०% भन्दा बढी विवाहहरू हार्दिक सम्मतिको अभावमा सृजना गरिएको तथ्य देखाएको छ । हार्दिक सम्मतिको अभावमा वा करकाप र छलकपटका आधारमा विवाह गर्ने प्रवृत्ति प्रेम विवाह र मागी विवाह दुवैमा देखिएको छ । मागी विवाह ७७% घटना तथा प्रेम विवाहका ६३% भन्दा बढी घटनाहरूमा पूर्ण रूपमा मन्जुरीको वातावरण नभइकन विवाह गरिएको तथ्य (तालिका ७ क) ले देखाएको छ । अधिकांश विहेहरू तयारी क्रमकै हार्दिक सम्मतिको अभावले गर्दा विखण्डनको वीज रोपिएको सूचीत गर्दछ । हार्दिक सम्मतिको वेवास्ता गर्दै विवाह गर्ने प्रवृत्तिको शिकार हुने आँकडालाई जातीय तहमा केलाएर हेर्ने होभने उपाध्याय र जैशी ब्राह्मण परिवारमा ६०% घटना छन् भने क्षेत्री परिवारमा अझ बढी ८९% घटनाहरू प्रभावित देखिन्छन् । जेहोस उल्लेखित आँकडाले सवैखाले जातीय तह र वैवाहिक शैलीमा समग्र कौटुम्विकसम्बन्धको जालो र अन्य प्रत्यक्ष प्रत्याशीहरूकै आपसमा हार्दिक सम्मति वा पूर्ण मन्जुरीको अभावमा विवाह गराइएकोले ति विवाह कमजोर बनाउन प्रेरित गरेको देखिएको छ ।

**वैवाहिक जीवनमा सह-अस्तित्वपूर्ण मर्यादाको स्थिति** : वैवाहिक सम्बन्ध भनेको भौतिक तथा मानसिक सम्बन्ध पनि हो । विवाहसँगै दुई स्त्री-पुरुष नयाँ कौटुम्बिकीयका सहकर्मी हुन्छन् । यी दुई व्यक्ति एउटै दाम्पत्यमा रहे पछि सामाजिक, साँस्कृतिक तथा पारिवारिक र नागरिक मूल्य, मान्यता, मर्यादा, हक-अधिकार उत्तरदायित्व र जिम्मेवारीसँगै भौतिक कृत्य र नैतिक अस्तित्वको सम्बन्ध रहेको हुन्छ । दुवै पक्षले आफ्नो कौटुम्बिकीय भित्र आफ्नो महत्व स्थापित गराउन चाहन्छ र क्षमता, प्रतिभा विकास र परिचालन गर्न चाहन्छ । यो चाहनाको मात्रा सवैमा हुन्छ । कौटुम्बिकताका आंगिक सदस्यहरूमा नव दम्पती र अन्य पक्ष बीचमा हुने अन्तरक्रियात्मक सम्बन्ध तथा स्वयम् पति-पत्नी बीचमा हुने अन्तरक्रियात्मक सम्बन्धमा सह अस्तित्वपूर्ण मर्यादाको स्थिति उच्च भएमा पारिवारिक जीवन सन्तुलित र सौहार्दपूर्ण रहन्छ । यदि यहाँ पति पत्नी बीचमा आपसी व्यवहारमा एकले अर्काको अस्तित्वलाई सम्मान गर्न नसक्ने, दम्पती मध्येबाट आफ्नो सहयोगीको पक्ष (कुल वा कुटुम्ब) का सदस्य बीचको अन्तरक्रियामा अस्तित्व स्वीकार गरिएजस्तो नभएमा, एक अर्को पक्ष बीच मर्यादापूर्ण व्यवहारको अन्तरसम्बन्ध हुन नसकेमा त्यसले दाम्पत्य जीवनमा नकारात्मक असर पार्ने देखिएको छ । पति-पत्नी बीचको अन्तरसम्बन्धमा एकले अर्कोलाई मर्यादा र सह अस्तित्वको रूपमा व्यवहार गर्न सकेन भने त्यसले दम्पतीका हरेक अन्तरक्रियात्मक व्यवहारमा नकारात्मक प्रभाव पार्ने र फलतः दाम्पत्य दुर्घटनामा पर्ने गरेको देखिएको छ । यस्ता अन्तर्क्रियाका सूचांकहरूमा सम्मान र सौहार्दता, निर्णय प्रक्रियामा उत्साहपूर्ण सहभागीताको अवसर, कुल र कुटुम्बप्रति देखाउने व्यवहार र हेर्ने दृष्टिकोण लगायत आपसी मनोगत समर्पण (प्रेमपूर्ण सम्बन्ध) तथा एकलाई अर्काको व्यक्तित्व ओजपूर्ण र श्रद्धेय तथा सहभावको मान्यतामा क्रियाशील भएका अवस्थामा यस प्रकारको सह अस्तित्वपूर्ण मर्यादा एक अर्कोले एक अर्कोबाट, कौटुम्विकसम्बन्धको जालो र कार्यात्मक पक्ष (पति-पत्नी) बाट अनुभव गरिने कुराहरू हुन् । दाम्पत्य जीवनमा विशेष गरी पति-पत्नी बीचमा र अरू पारिवारिक सदस्यबाट सवैले सवैमा अस्तित्वपूर्ण मर्यादाको अनुभूति गर्न सकेमा त्यो कौटुम्विकसम्बन्धको जालो निरन्तर राख्न सबै सदस्य क्रियाशील हुन्छन् । यदि सह अस्तित्वपूर्ण मर्यादाको अनुभूति गर्न सकिएन भने विस्तारै-विस्तारै कौटुम्बिकीयका आंगिक तत्वहरूको संरचनागत क्रियाकलापमा असन्तुलन देखापर्दछ र असन्तुलनबाट एक अर्को पक्षमा आरोप प्रत्यारोप तथा दुश्मनीको भावना रोपीन जान्छ र स्वयम् कौटुम्बिकीयका आँगिक क्रियाकलापहरू नै त्यो 'सम्बन्ध विघटन गर्न पाए पिडा र तनावबाट मुक्त हुन पाइन्थ्यो र अर्को कौटुम्बिकीयको सृजना गर्ने बाटो खुल्ने थियो' भन्ने चाहनामा क्रियाशील हुन थालेका देखिन्छन् । एउटा अचम्मको मनोवैज्ञानिक तथ्य के छ भमे मान्छेहरू दाम्पत्य सम्बन्धमा कटुता भित्रिएमा त्यसमा आफू खुम्चिएर समभदारी गर्नुभन्दा त्यसलाई विघटन गरेर मुक्त हुने चाहना राख्दछ र पछाडी अर्कोसँग पूनः विवाह गरेर सुखमय पारिवारिकता निर्माण गर्ने कल्पना गर्न थाल्दछ । यसरी दाम्पत्य जीवनमा सह-अस्तित्वपूर्ण मर्यादाको स्थिति अत्यन्त उच्चस्तरमा प्रखर र प्रभावी भएमा दाम्पत्य जीवन उर्जाशील हुने सम्भावना

देखिन्छ भने यसको विपरित सहअस्तित्व पूर्ण मर्यादाको स्थिति कमजोर र अप्रखर हुन पुगेमा दाम्पत्य जीवन निरासपूर्ण र कटुतापूर्ण बन्ने गरेको देखिन्छ ।

**तालिका नं. ८ सह अस्तित्वपूर्ण मर्यादाको आधारमा लैङ्गिक वितरण**

| लिङ्ग | विहेको प्रकार | मर्यादापूर्ण दाम्पत्य थियो | | मर्यादापूर्ण दाम्पत्य थिएन | |
|---|---|---|---|---|---|
| महिला | माँगी विवाह | १ | ८% | १२ | ९२% |
| | प्रेम विवाह | ० | ०% | ११ | १००% |
| पुरुष | माँगी विवाह | २ | १५% | ११ | ८५% |
| | प्रेम विवाह | ० | ०% | ११ | १००% |

*स्रोत: स्थलगत सर्वेक्षण, २०५६ ।*

अध्ययनसँग सरोकार घटनामा पाइएको तथ्याङ्क (तालिका नं. ८) अनुसार अत्याधिक परिवारभित्र सहअस्तित्वपूर्ण मर्यादाको अभाव भएको पाइएको छ । महिलाहरूको अभिमतमा ९२% माँगी विवाहबाट सृजित परिवारमा तथा सबै (१००%) प्रेम विवाहबाट सृजित परिवारमा सहअस्तित्वपूर्ण मर्यादाको व्यवहारको अभाव भएको थियो भन्ने तथ्य पाइएको छ भने पुरुषहरूको अभिमतमा ८५% मागी विहेका परिवारभित्र सहअस्तित्वपूर्ण वातावरण नभएको तथ्य स्वीकार गरिनुका साथै प्रेम विवाहबाट सृजित परिवारमा सहअस्तित्वपूर्ण मर्यादाको भावना शून्य रहने गरेको देखिएको छ । अभिभावकको रोजाईमा, पण्डितबाट वैदिक विधि विधानका प्रक्रिया र मन्त्रोच्चारण गरेर धर्मको आडम्बरमा गरिएका माँगी विवाहमा जहाँ सहधर्मी र सहचार्यताका लागि सप्तपदीको क्रममा प्रतिज्ञा गरेर अनुबन्धित भएका विवाहमा पनि पत्नीले मर्यादापूर्ण अस्तित्व ग्रहण गर्न पाउँदिनन्, पुरुषले धर्मपत्नीलाई आफ्नी अर्धाङ्गीनीको रूपमा सम्मान गर्न सक्दैनन् वा त्यो खाले अवस्था पत्नीबाट सृजित हुँदैन भने वा कौटुम्बिकता भित्रै एक देखि अर्को शंकालु, असमर्पित र मर्यादा अभाव तथा ऊर्जाविहीनताको अनुभूति गर्न पुग्दछ भने निश्चय नै माँगी विवाहको प्रक्रियामा कहिँ गम्भिर त्रुटी भएको हुनु पर्दछ । त्यस्तै गरी स्वेच्छाले स्वतन्त्र रूपमा मन पराएर अनुबन्धित भएका भनिएका प्रेम विवाहमा झन यस्तो दाम्पत्य जीवनमा सहअस्तित्वपूर्ण मर्यादाको स्थिति अत्यन्तै नाजुक, शुन्य अवस्थामा रहनु, सतप्रतिशत मर्यादा विहिनताको अनुभूति वर-वधु तथा कौटुम्विकीयले नै गर्न पुग्नु अझ तितो यथार्थ हुन पुगेको छ । यसले के देखाएको छ भने यहाँ अभ्यास गरिएका प्रेम विवाह यथार्थमा प्रेमपूर्ण थिएनन, स्वार्थपूर्ण थिए, समर्पण र श्रद्धामुखी भन्दा भोगवादी र सौदावाजी थिए भन्ने तथ्य पुष्टि गर्दछ । समाजमा क्रियाशील भएका दुवै खाले विवाहमा अत्यन्त असहिष्णु स्थिति भित्रिएको संकेत गर्दछ र हामीले सृजना गरेका दाम्पत्य शैलीहरू हाम्रै लागि अत्यन्त उर्जाहीन हुँदै गइरहेको तथ्य देखापर्दछ । पुरुषहरूमा विद्यमान लैंगिक अहमता र महिलाहरूप्रति हेरिने 'भोग्या' को

दृष्टिकोणले महिलाहरूले मर्यादा विहीनताको अनुभूति महशुस गर्नुपर्ने अवस्था अभै रहेमा परिवारको मर्यादा र प्रतिष्ठालाई आफ्नै मर्यादा र प्रतिष्ठा भैं जतन गर्ने क्षमता महिलाहरूमा फितलो हुँदै गएमा संकुचित दाम्पत्यहरू अभै भत्कने क्रम तीव्र रूपमा बढ्ने संकेत यस अध्ययनले देखाएको छ । घरभित्रको निजी मामिला भनेर दिइने पीडाहरूमा संगठित आवाजहरूले विद्रोह गर्दैछन् र राज्यको कानूनले न्याय वहालीको प्रयास गर्दैछ ।

**दाम्पत्य जीवनमा सन्तुलित यौनिकताको स्थिति** : यो विषय निकै जटील छ । यस विषयमा खोजी गर्न पनि निक्कै जटिलताहरू पार गर्नु परेको थियो, निक्कै जोखिमहरू उठाउनु परेको थियो । यहाँ यौनिकता भन्नाले वृहत्तर यौनिकतालाई समेट्न खोजिएको छ । यहाँ यौनको संकुचित अर्थलाई मात्र किमार्थ पनि 'फोकस' गरिएको छैन, समग्र दाम्पत्य जीवनमा पति-पत्नी बीचका आपसी सौहार्दता, उर्जाशील यौन जीवन र सन्तुलित सहवासको स्थितिलाई दाम्पत्य जीवनको एउटा मनोवैज्ञानिक पक्षको रूपमा महत्व दिइनु आवश्यक देखिएकोले र अध्ययनको निचोडमा यस विषयका सूचनाले विशेष हैसियत राख्ने भएकोले समेटन् खोजिएको छ ।

यौन प्राणीको प्राकृतिक विशेषता हो । प्राकृतिक जीवन शैलीबाट विकासशील हुँदै आउने क्रममा हिन्दूहरूमा विद्यमान यौनिक सन्तुलनका वास्तविकताहरूलाई 'खुल्ला वहस' गर्न नसकिने विषयका रूपमा व्याख्या गर्न थालियो । पौराणिक साहित्य श्रीमदभागवतको दृश्यहरूमा 'महादेव' र 'पार्वती' का यौनिक प्रसँगसँगै स्वस्थानी कथामा महादेव र सतीको आपसी यौनिक सहकार्य नहुँदा सतीले आत्महत्या गर्न पुगेकी[८] र एक्लो महादेवमा आएको अर्धचेत अवस्थाका बारेमा प्रशस्त व्याख्या गरेको पाइन्छ । दाम्पत्य जीवनमा यौनिकताको मौलिक महत्व हुने भएकोले पराशर आदि ऋषिहरूले यौन विकलाङ्ग सहयात्री भएमा दोश्रो वैवाहिक जीवन निर्माण गर्न सकिने तर्कहरू उठाएको तथ्य अघिल्लो अध्यायमा चर्चा गरीसकिएको छ । यौन जीवन एक कला हो र यसलाई प्रेममय बनाउन सकिन्छ भन्नेमत आर्यहरूमा भएको तथ्य यौनशास्त्री 'वात्सायन' लाई आर्य साहित्यमा समेटिएको प्रसँगले पुष्टि मिल्दछ । प्राचीन विवाह शैलीहरूमा देखिएका चरित्रहरूले पनि मानव यौनिकताका लागि विवाह अपरिहार्य देखाइएको छ र यसले विवाह तथा दाम्पत्यताका लागि पनि यौनिकता अपरिहार्य भएको स्वीकार गर्दछ ।

मानव शरीर आफैमा एउटा व्यवस्था हो । यो व्यवस्था सन्तुलन र संचालनका लागि प्राकृतिक रूपमा नै शरीरभित्र विभिन्न जैविक इकाईहरू कृयाशील रहेका हुन्छन् । शरीर व्यवस्थाको संरचनाभित्र जैविक तालमेलमा मनोवैज्ञानिक व्यवस्था पनि क्रियाशील भएको हुन्छ । मानव क्रियाशीलताका लागि उसको शारीरिक संरचनाका सबै आंगिक तत्वहरूको कार्यात्मक सम्बन्ध रहन्छ र मान्छे स्वस्थ देखिन्छ । मान्छे स्वस्थ रहनका लागि शारीरिक, मानसिक र सामाजिक रूपमा स्वस्थ्य हुनुपर्दछ भन्ने मत विश्व स्वास्थ्य संगठनले समेत पुष्टि गरेको छ । मानव सन्तुलित हुनका लागि उसको आंगिक व्यवस्थाका सबै इकाइरुले सन्तुलित रूपमा कार्य गर्न पाउनु पर्छ र सबै आँगिक तत्वहरूको कार्यात्मक सम्बन्ध

अविचलित रहनुपर्दछ । मानव सृष्टिको प्रक्रिया नै यौनिक क्रियाकलापका माध्यमबाट हुने भएकोले मानव शरीरमा प्रशस्तमात्रामा यौनिक ग्रन्थीहरू क्रियाशील छन् । तिनले आफ्नो सन्तुलित क्रियाकलाप पाएनन् भने शरीर व्यवस्थामा विचलन आउन सक्छ । यो विचलनले मान्छेलाई मनोगत प्रभाव पार्दछ । उसका अरू सांसारिक दैनिकीहरूमा पनि विचलन आउन सक्छ । यसै तर्कलाई आत्मसात गर्दै यस अध्ययनमा यस पक्षले पनि कतै प्रभाव पारेको हुनसक्छ भन्ने लागेर उत्तरदाताहरूको यौनिक जीवनका बारेमा पनि खोजी गर्ने प्रयास गरिएको छ ।

**तालिका नं. ९ पारपाचुकी जोडीको यौन जीवनको स्थिति**

| विवाह | पूर्ण सन्तुलन | कम सन्तुलन | असन्तुलन |
|---|---|---|---|
| प्रेम | ० | १० (९१%) | १ (९%) |
| मागी | ० | ३ (२४%) | १० (७६%) |
| कुल | ० | १३ (५४%) | ११ (४६%) |

*स्रोत: स्थलगत सर्वेक्षण, २०५६ ।*

अध्ययनको आँकडामा यौन जीवनमा पूर्ण रूपले सन्तुलन भएका जोडी कोही पनि भेटिएनन् । ५४% जोडीले कम सन्तुलन रहेको उल्लेख गरेका छन् भने ४६% जोडीले त यौन जीवन असन्तुलित रहेको व्यक्त गरे । विवाहगत रूपमा केलाउने हो भने मागी विवाहमा ७६% जोडी असन्तुलित यौन जीवनको प्रतिनिधित्व गर्दछन् । तर प्रेम विवाह गरेका ९१% ले मात्र केही सन्तुलन भएको तथ्य अगाडी सारेका छन् ।

यौन जीवनका बारेमा प्रतितालिकीकरण गरेर हेर्दा विवाह गर्दाको प्रक्रियाले पनि उनीहरूको यौन जीवनमा प्रभाव पार्ने गरेको तथ्य देखापरेको छ । विवाह गर्दा एक अर्कासँग खुल्ला छलफल र स्वस्थ पहिचान भएर विवाहित बनेका जोडीहरूको तुलनामा स्वस्थ पहिचान हुन नपाइकनै विवाहित भएका जोडीहरूमा यौनजीवन असन्तुलित हुनेको मात्रा बढी छ । यस तथ्यले विवाहका जोडीहरूमा स्वस्थ पहिचान र मात्रा नभएका जोडीमा यौन जीवन असन्तुलित र कमजोर हुनेहरू बढी मात्रामा भेटिएका छन् ।

त्यस्तै गरी हार्दिक सम्मति वा पूर्ण मन्जुरीमा भएका विवाह गरेका जोडीहरूमा भन्दा यो अवसर नभएका जोडीहरूमा बढी मात्रामा 'असन्तुलन' र 'कमजोर सन्तुलन' भेटिएको तथ्य आँकडाले देखाएको छ ।

तालिका नं १० पहिचान र सम्मतिका आधारमा यौन जीवनको वितरण

| यौन जीवन | स्वस्थ पहिचान भएका व्यक्ति | स्वस्थ पहिचान नभएका व्यक्ति | कुलव्यक्ति | सम्मतिमा बिहे भएका व्यक्ति | पूर्ण सम्मति नभएका व्यक्ति | कुल व्यक्ति |
|---|---|---|---|---|---|---|
| असन्तुलित | २ | २० | २२ | ६ | १६ | २२ |
| कम सन्तुलित | ६ | २० | २६ | ८ | १८ | २६ |
| जम्मा | ८ | ४० | ४८ | १४ | ३४ | ४८ |

*स्रोत: स्थलगत सर्वेक्षण, २०५६ ।*

उल्लेखित तालिका १० मा देखिएको 'असन्तुलित' आँकडासँगै अर्को कुरा के पनि जोडिएको छ भने एउटै जोडीमा पनि एउटा पक्षले आफ्नो यौन जीवन सन्तुलित भएको दावी गर्दछ भने अर्को पक्षले सन्तुलन नभएको कुरा उठाएकोछ । यसले शोधकर्तालाई अर्को जिज्ञाशा उठायो कि एउटै दाम्पत्य जीवनका यौन सहकर्मीमा एउटा असन्तुष्ट रहने र अर्को सन्तुष्ट रहने अवस्था कसरी सृजना हुन्छ ? अध्ययनमा असन्तुलित भएको कुरालाई पुष्टि गर्न उत्तरदाताले दिइएका तर्क प्रमाणहरू कतिसम्म प्रमाणिक हुन त ? कतै पारपाचुके भइसकेपछि विपक्षी प्रतिको पूर्व आग्रहका कारण 'सन्तुलित हुन नसकेको' आरोप लगाएका हुन कि ? भन्ने प्रश्न उठायो । अधिकाँश जोडीहरूमा महिला पक्षले 'सन्तुलन नपाएको' तथ्य अगाडि आएकोले यसमा भेटिएका तथ्यहरू कतिसम्म सत्यताको नजिक छन् भन्ने बारेमा खोजी गर्न पुनः परीक्षण गर्नु आवश्यक देखियो । पुनः परिक्षणका क्रममा पारपाचुकीहरूले उठाएका यौन जीवनका सवालहरू कतिसम्म सत्यताको नजिक छन् भन्ने कुरा पारपाचुके नभएका विवाहिताहरूसँग प्रश्नावली अनुसूचीको माध्यमबाट सूचना संकलन गरि परिक्षण गरियो । प्रश्नावली अनुसूची खुल्ला प्रकृतिको थियो र पाँचवटा यौनिकतासँग सम्बन्धित प्रश्नहरू सामेल गरिएको थियो । सो पुनः परीक्षण अध्ययनमा १८ देखि ३८ वर्षसम्मका १० जना महिलाहरूको सहभागिता रहेको छ । र पारपाचुकीहरूले उठाएका सवालहरूमा ८०% ले 'आफूले त्यस्तै अनुभव गरेकोले 'सत्यको नजिक छ' भन्ने जवाफ दिएका छन् भने यौन जोडीबाट अतृप्त रहेकोअवस्थामा वहालवाला जोडीप्रति घृणा तथा रिस उठनु र वैकल्पिक यौन जोडीको चाहना हुन्छ भन्ने तथ्यलाई ७०% पुनः परीक्षणका उत्तरदाताले पनि स्वीकार गरेका छन् । पुनः परीक्षणमा ८०% विवाहिताहरूले पुरुषहरू स्वार्थी र असहयोगी हुने गरेको आरोप लगाउँदै आफ्नो भोगाईको तथ्यगत पुष्टि दिएका छन् ।

उल्लेखित यौनिकता सम्बन्धी तथ्यले दाम्पत्य जीवनका अन्तरक्रियाहरूमा यौन जीवनको सन्तुलनको अवस्थाले पनि महत्वपूर्ण प्रभाव पार्दछ र दाम्पत्य जीवनको स्थायित्वमा यो पक्षले पनि भूमिका खेल्दछ भन्ने तथ्य देखाएको छ ।

**विवाह र दाम्पत्य विचलनमा हस्तक्षेपी पक्षका प्रभावहरुको विवेचना**

दाम्पत्य विचलनका बारेमा खोजी गर्दा त्योसँग सम्बद्ध समग्र सूचनाहरूलाई केलाइनु पर्दछ भन्ने मान्यताले यहाँ केही सरोकारमूलक विविध सूचनाहरूलाई समेट्न खोजिएको छ । यी सूचनाहरूले अध्ययनको फराकिलो परिधिभित्र विभिन्न पक्षबाट केरकार गर्दै र मन्थन हुँदै निस्कने निचोडलाई अझ प्रखर र सवल रूपमा उभ्याउन टेवा पुऱ्याउनेछ भन्ने ध्येय राखिएको छ । अवधारणागत ढाँचा (Conceptual frame work) मा उठाइएका अभिमतहरूलाई पुष्टी गर्न पनि यी सूचनाहरूको महत्व रहने छ ।

**विवाहका चरित्रहरूको विश्लेषण** : पोखरा उपत्याकाका तागाधारीहरूले अभ्यास गरेको वैवाहिक चरित्रमा परम्परागत रुढीको छाप विद्यमान हुनुका साथै स्वस्थ विवाह र पवित्र वैवाहिकताका दृष्टिकोणबाट हेर्ने हो भने कमसल वैवाहिक चरित्र क्रियाशील भएको पाइएको छ । यो कमसल वा नालायक वैवाहिक चरित्रलाई निरन्तर क्रियाशील गराउनमा यहाँका सामाजिक व्यवस्था र पारिवारिक व्यवस्था उत्तिकै जिम्मेवार छन् । यहाँको वैवाहिक चरित्रलाई 'नालायक' भन्नुको अर्थ 'लायक' नहुँदै वा लायक हुनुपर्ने अवस्थालाई वेवास्ता गर्दै विवाह गरिने प्रवृत्तितर्फ लक्षित छ भन्न खोजिएको हो । नालायक वैवाहिक चरित्रलाई निरन्तरता दिने प्रवृत्तिलाई आँकलन गर्न निम्न क्रियाकलापलाई अवलोकन गर्न सकिन्छ ।

**(क) काँचो उमेरमा विवाह**

विवाहका लागि योग्य हुनु भनेको गृहस्थ आश्रममा प्रवेश गर्ने हैसियत राख्ने व्यक्तित्व वन्न सक्नु हो । यो हैसियतका लागि शारीरिक, मानसिक र सामाजिक परिपक्वताहरू हासिल गरीसकेको हुनुपर्दछ । तर अध्ययनमा समेटिएका नमुना घटनाहरूमा यो मूल परिपक्वताहरूलाई वेवास्ता गर्दै काँचो (अपरिपक्व) उमेरमा विवाह गराइएको छ । बाल विवाहको अवशेष बोकेका तागाधारीहरूमा काँचो उमेरमा विवाह गराउँदा कत्ति पनि हीनताबोध छैन । अध्ययनको समग्र वैयक्तिक अध्ययनका नमूना घटनाहरूमा ६२% भन्दा बढी महिलाहरूलाई १९ वर्ष भित्रको उमेरमा विवाह गराइएको छ (बराल, २०५७: ता. नं. ८) । दाम्पत्य जीवनको अगुवाको हैसियत दावी गर्ने २९% भन्दा बढी पूरुषहरू पनि यस्तै काँचो उमेरमा विवाहित भएका छन् । राज्य व्यवस्थाले वाल विवाहलाई कानुन तः निषेध गरे पनि विद्यमान सामाजिक व्यवहारमा काँचो उमेरभित्र विवाह गर्न कुनै रोकटोक छैन । 'विवाहका लागि स्त्री 'रजोवती' हुनु र पुरुष वीर्यवान हुनुलाई मात्र पूर्ण योग्यता मान्न सकिँदैन, सामाजिक र मानसिक परिपक्वताको पनि उत्तिकै दरकार पर्दछ', ३५ वर्ष नाघेका महिला उत्तरदाताले अपेक्षित परिपक्वताको बारेमा उल्लेख गर्ने क्रममा बताए । 'कन्यादान गर्न र बुहारी भित्र्याउन अरू अत्यावश्यक परिपक्वताका कुरालाई वेवास्ता गर्दै अपरिपक्व सन्तानको विवाह गराउने अभिभावकहरू, यसलाई सम्मति दिने सामाजिक अगुवाहरू र विधिको खोल ओढाईदिने पुरोहितहरूको अदूरदर्शी र पाखण्डी व्यवहारले यस्ता घटनाहरू

दिनप्रति दिन थपिँदै गएका छन्', फोकस ग्रुप छलफलमा अधिकाँश महिला प्रतिनिधि र अन्य कानून व्यवसायीहरूले पुरोहित पनि दोषी भएको दावी गर्दै उल्लेख गरे ।

**(ख) हतारको विवाह**

विवाहबाट जीवन्त दाम्पत्य सम्बन्ध स्थापना गरिने भएकोले यसमा प्रवेश गर्नुपूर्व दुवै प्रत्याशीले एक अर्कोलाई आफ्नो लागि उर्जाशील जोडी हुनसक्ने कि नसक्ने भन्ने बारेमा स्पष्ट छानविन र जाँच पड्ताल गर्न पाउनुपर्थ्यो । तर यहाँ भेटिएका वैवाहिक घटनाहरूमा विवाहका प्रत्याशीहरूलाई आफ्नो प्रस्तावित जोडीका बारेमा नालीवेली खोजीको पर्याप्त अवसरका लागि आवश्यक समयको अन्तराल नै नराखी हतारमा विवाह गराइएको छ । यो प्रवृत्ति प्रेम विवाह र मागी विवाह दुवैमा देखिएको छ । अधिकांश जोडीहरूमा प्रसंग चलेको १८ घण्टा देखि ४ दिनभित्रमा विवाह गराइएको छ । यस तथ्यको प्रमाणका लागि ५३.८% मागी विहे प्रसँग चलेको ४ दिन भित्रै विहे भएका छन्, अरू १५% को एक हप्ता र करीब ३१% को १० दिन पछि विहे भएको देखिन्छ । त्यस्तै प्रेम विहे गर्ने जोडीमा क्रमशः १८ घण्टा, २४ घण्टा र ४८ घण्टा भित्रमा केटाको निर्णयानुसार केटीले सिन्दुर पहिरिएको पाइएको छ । यी घटनामा एकले अर्कोलाई केही मात्र चिनेको, विवाह गर्ने सवालमा कौटुम्बिकताबाट मन्जूरी नलिएको समेत देखिन्छ ।

प्रस्तावित जोडीका बारे पारदर्शी पहिचानको अवसर नदिइ हतारमा गरिएका वैवाहिक कृत्यहरू 'हतपतको काम लतपत' जस्तै हुन पुगेका छन् र छानविन गर्ने चाहना राख्ने प्रत्याशी पक्षलाई' आफ्नो भाग्यले दिएको घर खाने हो, भाग्य बलियो भए दैवले जुटाएकोमा राम्रो पर्दछ "भनेर प्रारम्भिक अन्तरक्रियाको बेलामा नै विवाहको निर्णय लादिएको देखिन्छ । यसरी 'भाग्य' को हवाला दिएर काँचो उमेरका अपरिपक्व सन्तानमाथि अभिभावकको मन्जुरी र संरक्षकत्वका नाममा विवाह गराइनु 'अपाङ्गलाई वैशाखी दिएर म्याराथुन दौडमा होडवाजी गराइनु' जस्तै भएको छ । फलस्वरूप हतारमा विहे गरेर फूर्सदमा पछुताउने क्रम दोहोरिएको छ ।

**(ग) करकापे विवाह**

आफ्ना भविष्यका बारेमा निर्णय लिन सक्ने रूपमा परिपक्व भैसकेका, युवा अवस्थामा पुग्न सकेका व्यक्तिहरूमा त प्रायः करकापको स्थिति कम मात्रामा आउला तर 'के गर्नु उपयोगी हो' भन्ने परिपक्व र दूरदर्शी निर्णय वा परामर्श लिन सक्ने परिपक्वता नहुँदै विवाहको प्रक्रियामा पुगेका किशोर-किशोरीहरूमा अभिभावक तथा नातेदारहरूले प्रशस्त छलकपट, शुभलाभको आश्वासन र करकापमा वाध्यात्मक स्थिति सृजना गरेर विवाह गराइएका घटनाहरू प्रशस्त मात्रामा भेटिएका छन् । छलकपटपूर्ण शैलीको लमी (कारोवारी) ले एउटाको 'वरणी' (विवाह) गराईदिएमा जोडीका पक्षबाट भौतिक शुभलाभ पाउने र परलोकमा स्वर्ग जाने बाटोमा पर्ने वैतरणी नदी सजिलै तर्न पाइने अभौतिक लालचमा

विवाहको निर्णय गराउन प्रेरित गर्दछ । सन्तानलाई विशेषगरी छोरीलाई परिपक्व अवस्थासम्म पर्खाउन चाहने अभिभावकलाई सामाजिक फटाहाहरूले 'छोरी बिग्रिएपछि चाल पाउलास' भन्दै दवाव दिने प्रवृत्तिसँगै आफूलाई धर्मसंस्कारको ठेकेदार ठान्ने बुजुकहरूले मनुस्मृतिमा उल्लेख गरेको 'चौथो रजोवतीसम्म पुत्रीको विवाह नगरिदिने बाबुलाई पाप लाग्नेछ' भन्ने आख्यानको आधारमा मानसिक यातना दिएर कन्या अवस्थामै विवाह गर्न दवाव दिन्छन् र अभिभावकले त्यो प्रवृत्ति आफ्ना नव किशोरावस्थाका सन्तानहरूमाथि लाद्ने गर्दछन् । उनीहरूले जानाजान आफ्नो सन्तानलाई गलत जोडीसँग तालमेल गराउन चाहेका हुन भन्न त सकिँदैन, तर जोडी उपयोगी हो वा होइन भनेर खोजी गर्न सक्ने दूरदर्शी तौरतरिकाको प्रयोगको अभाव तथा स्वयम् प्रत्याशीलाई निर्णय प्रक्रियामा सामेल गराउने प्रयत्न भएको पाइँदैन । यद्यपि विवाहको दिनमा "स्वयंवरण विधि" को अवलम्बन गरिएको बताइएला तर यथार्थमा करकाप र वाध्यात्मक परिस्थिति सृजना गरेर विवाह गराइएको पाइन्छ । यसरी शुभलाभको आश्वासन र करकापमा निर्णय लाद्ने प्रवृत्तिले जोडीहरूमा शुभलाभको शर्त बमोजिमको माग गर्ने र करकापमा लादिएकोले त्यो विवाहप्रति असहयोगी दृष्टिले हेर्ने गरेको देखिएको छ । आफ्नो हैसियतलाई वेवास्ता गरेको रोष प्रकट गर्ने दम्पति बीच शत्रुताको भावना र क्रियाकलाप विकसित हुने अवस्थाका साथै प्रेम विवाह गर्ने जोडीहरूमा पनि दोष केलाउने र आरोप लगाउने प्रवृत्तिले दाम्पत्य सम्बन्धसँगै कटुता विकसित हुन थालेको पाइएको छ ।

### (घ) पारदर्शी छलफल र सक्रीय केरकारको अभाव

विवाहको लागि जोडी चयन गर्ने क्रममा प्रत्याशीहरू बीच आवश्यक सूचनाहरू स्पष्ट र खुल्ला रूपमा नराखिने तथा 'माल हात पार्ने' सक्दो कसरत गर्न पर्याप्त छलछाम गर्ने गरेका तथ्यहरू भेटिएका छन् । अध्ययनमा ९१% भन्दा बढी जोडीहरूले विवाहपूर्व पारदर्शी छलफल गर्न नपाएको कुरा व्यक्त गरेका छन् । त्यस्तै गरी केरकार गर्ने अवसरको खोजी गर्ने जोडीलाई पनि त्यो अवसर दिइदैन । औपचारिक रूपमा केटाकेटीको 'देख-भेट' गराइएपछि 'मन पर्‍यो या परेन' तत्काल जवाफ दिनुपर्छ र विवाह आँट्ने काम अग्रजहरूले गर्दछन्, प्रत्याशीहरूले अतिरिक्त छानविन र अनौपचारिक परामर्श विना नै स्वीकृति दिनुपर्ने वाध्यता पारिन्छ । यो प्रवृत्तिले विवाहको निर्णय जुवाको दाउमा भाग लिए जस्तो देखिन्छ, नतिजा केही निश्चित हुँदैन, जे पनि हुन सक्छ ।

### (ङ) पूर्ण मन्जुरी वा हार्दिक सम्मतिको अभावमा विवाह हुनु

यस पूर्वको बुँदामा अभिभावकको पहलमा गरिने माँगी विवाहमा प्रत्याशीहरूले निर्णय प्रक्रियामा सक्रीय सहभागिता लिन नपाएको प्रसंगमा त्यस्ता विवाहमा प्रत्याशीहरूलाई दवावको वातावरण सृजना गरिने प्रवृत्तिलाई उल्लेख गरिएको थियो । यो प्रसंग अलि व्यापक रूपमा केलाइनु आवश्यक देखिन्छ । समाजमा अभ्यास गरिएका विवाह, चाहे 'मागी' होस

वा 'प्रेम' भनिएको होस्, दुवै खाले विवाहमा हार्दिक सम्मतिको आधारमा निर्णय गरिने प्रक्रिया ज्यादै नाजुक देखिएको छ । अध्ययनमा समेटिएका घटनाहरूमै ७०% भन्दा बढी विवाहहरू हार्दिक सम्मतिको अभावमा गराइएका छन् । हार्दिक सम्मतिको अभावमा विवाह हुन पुगेकोमा माँगी विवाह मात्र हैन, करिब ४१% आँकडा असम्मतिपूर्ण प्रेम विवाहले ओगटेको छ (तालिका नं. ७) ।

हार्दिक सम्मतिपूर्ण विवाह गराउने अभ्यास हिंजोका माँगी विवाहका उदाहरणहरुमा पनि भेटिएन, आजका 'प्रेम' विवाहमा पनि हुर्कन सकेको छैन । हिंजोका माँगी विवाहमा वर-वधुलाई "अनाडी छन्, जे भने पनि मान्छन्" भनेर परिवारको नियन्त्रण बढी लादियो, आजका प्रेम विवाहमा 'हाम्रो जीवनको फैसलामा अरूको के खाँचो' भनेर दूरदर्शी हेराई र कौटुम्बिकीयका अन्य पक्षको सम्मति विना नै विवाह गर्न थालियो । माँगी विवाहमा कौटुम्बिक व्यवस्थाको मूल पक्ष वर-वधुको सम्मतिको मागलाई लत्याइयो भने प्रेम विवाहमा कौटुम्बिकीयको आधारपक्ष परिवार व्यवस्थाको सम्मति चाहिन्छ भन्ने कुरा लत्याइयो । यसरी यी दुवैखाले विवाहहरू, हिंजोका पद्धति र आजका पद्धतिहरूमा कौटुम्विकीय कै हार्दिक सम्मति सृजना गरेर विवाहको प्रक्रियामा प्रवेश गर्ने अभ्यास गर्न सकिएको पाइँदैन । दुवै पक्षबाट आफ्नो "निर्णय गर्न पाउने हक"को दुरूपयोग भएकोले अन्ततोगत्वा कौटुम्विकीयको संरचनागत सन्तुलनमा विचलन आएर दाम्पत्य सम्बन्ध दुर्घटनामा पर्ने गरेको देखिएको छ ।

**दाम्पत्य चरित्रहरूको विश्लेषण** : तागाधारीहरूले श्रद्धा गर्ने गरेका पौराणिक ग्रन्थहरूमा दाम्पत्यलाई आदि शक्ति वा 'अर्ध नारीश्वर' को मान्यताले हेर्ने गरिन्छ । परम्परागत मागी विवाह गर्नेहरूले अग्निहोत्रको क्रममा गरिने सप्तपदी कर्ममा अर्धाङ्गिनीको रूपमा सम्मान गर्दै जीवन्त सहयात्री, सहवासी र सहधर्मीको रूपमा क्रियाशील हुने प्रतिज्ञा गर्दछन् । वैदिक समाजको आदर्श दाम्पत्य प्रवृत्तिलाई अनुकरण गर्दै सपत्निक र सधवा कर्ममा जुट्ने संकल्प गर्दछन् । त्यस्तै गरी प्रेम विवाह गर्नेहरू पनि किन कम हुन्थे र ? भरजीवन गतिशील खसम बन्ने कसम खाएर प्रणय जीवनमा अनुवन्धित हुन्छन् । तर व्यावहारिक अभ्यासमा यसका विपरीत करकाप, छलछाम र शुभलाभको प्रलोभन तथा खरिद विक्रीको चरित्रमा यहाँका विवाहहरू धेरै पहिलेदेखि क्रियाशील हुने गरेका र अझै निरन्तर रहेका तथ्यहरू अगाडी आएका छन् (बराल २०५७) । समाजमा दिनप्रतिदिन बढ्दै गइरहेका पारपाचुकेका घटनाले दाम्पत्य विचलनको क्रम झन थपिएको प्रमाण दिन्छ । यसरी दिन प्रतिदिन दाम्पत्य विचलनको क्रम निरन्तर थपिनुले निश्चय नै समाजले अवलम्बन गरेको दाम्पत्य चरित्रमा कुनै 'दीर्घ रोग' लागेको हुनुपर्छ । यसरी दाम्पत्य विचलनको अवस्था आइपर्नुमा तत्कालको कुनै घटनाभन्दा पनि विगतमा समाजले रोपेको विरुवा र हामीले मलजल गरी हुर्काएको बोटमा आज आएर फल देखा परेको हो । आज नमिठो फल देखा पर्नुमा निश्चय नै विरुवा रोप्ने क्रम र मलजल गर्ने क्रममा कुनै गम्भीर त्रुटी भएको हुनुपर्दछ । विवाह-विच्छेदका घटनाको निदान गर्ने क्रममा प्रारम्भिक अवस्थाका पक्षमा स्वस्थ पहिचान र हार्दिक सम्मति

नभएको तथ्य अघिल्लो प्रसंगमा आईसकेको छ । यस प्रसंगमा दाम्पत्य सञ्चालनका क्रममा देखिएका विशेष चरित्रलाई समेट्ने प्रयत्न गरिएको छ ।

### (क) परिकल्पना विहीन दाम्पत्य

अध्ययनको दौरानमा समेटिएका जोडीहरूको परिपक्वता र पारिवारिक व्यवस्थापकीय क्षमताको मापन गर्न विवाह पछि उनीहरूले आफ्नो दाम्पत्य सञ्चालनको क्रमलाई गतिशील बनाउन के-कस्ता योजना तथा परिकल्पना तयार गरेका थिए भन्ने जिज्ञासा राखिएको थियो । अध्ययनको क्रममा विवाह पछि तत्काल वा वर्षौंसम्म पनि गतिशील जीवनका लागि कुनै खासै योजना तथा परिकल्पनाको प्रयास गरेको जोडी एउटा पनि भेटिएन । विवाहपूर्व नै जीवनको परिकल्पना बारे छलफल गरेर निर्णय लिने परिपक्व र दूरदर्शी अभ्यास त देखिएन नै, विहेपछि पारिवारिक व्यवस्थापनका लागि दम्पतिले कसरी गतिशील क्रियाकलापहरू अगाडि बढाउने भन्ने बारेमा पनि कुनै सोंच अगाडी सारिएको पाइएन । परम्परागत रूपमा "छोरो जवान भयो अब बुहारी ल्याउन सक्छ" भन्ने मान्यताले परिवारमा तलब दिनु नपर्ने महिला कामदार भित्र्याइएझैं बुहारी भित्र्याएर 'जसोपर्छ त्यसै टर्छ' भन्ने शैलीमा दाम्पत्य क्रियाशील भए । केही शिक्षित र प्रेम विवाह गरेका जोडीहरूमा पनि छोराले 'सर्वकाले निःशुल्क भोग्या' यौन साथी पायो र परिवारले बुहारी पायो भन्ने मान्यताको क्रियाकलापमै सीमित भएको पाइयो । यो तथ्यले ती जोडीहरू सामाजिक तथा मानसिक रूपमा परिपक्व नहुँदै विवाहित भएको देखाउँछ ।

### (ख) निर्णय प्रक्रियामा समान सहभागिताका अवसरको अभाव

पारिवारिक जीवन सन्तुलित रूपमा सञ्चालनका लागि पति-पत्नि दुवैको सक्रिय, उर्जाशील समान सहभागिता हुनु आवश्यक हुन्छ । हरेकले आफ्नो घरमा 'मेरो पनि केही महत्व छ' भन्ने अनुभूति गर्न सकेमा मात्र त्यो घर परिवारमा उ सृजनात्मक मानसिकतामा जुट्न सक्छ । विवाहको प्रारम्भिक प्रक्रियामा दुवैले सहधर्मी हुने वचन गर्दछन् तर दाम्पत्य जीवनका व्यवहारिक दिनहरूमा उनीहरूको मनोवैज्ञानिक चरित्र र दृष्टिकोणको भिन्नताले एक आपसमा व्यवहारिक तालमेल गराउन कठिन देखिन्छ । लोग्ने मान्छेहरूमा हाकिमी शैली हावी भएको छ भने पत्नीहरूलाई सहयोगी तथा दासीको रूपमा मात्र भूमिका निर्वाह गर्न प्रेरित गर्ने प्रवृत्ति अत्याधिक परिवार भित्र देखिएको छ । पितृसत्तात्मक सामाजिक बनोटले पैत्रिक उत्तराधिकार पुरुषहरूमा भएकाले विवाहद्वारा सम्बन्ध जोडिएकी स्त्रीलाई दोश्रो दर्जाको सदस्यको रूपमा हेर्ने प्रवृत्ति विद्यमान हुँदा पत्निहरू आफ्नो महत्व न्यून भएकोमा मानसिक रूपमा पीडित रहेका छन् । अधिकांश परिवारमा छोरी र बुहारीलाई निर्णयात्मक भूमिकामा सहभागी गराउन परिवारका अग्रजहरूबाट ठाडो इन्कार हुने गरेको छ । 'छोरी अर्काको घरमा जाने र बुहारी अर्कैको घरबाट आएकी' भन्ने दृष्टिकोणको हेराइ विद्यमान रहनु तथा परिवारमा लोग्नेले कुनै पनि सवालको निर्णयात्मक अधिकार आफैले

नियन्त्रण गर्ने अवस्थामा पत्निलाई त्यो घरमा सहभागी, सहधर्मी स्वीकार गरिएको, मर्यादापूर्ण जीवन भोग्न पाएको अनुभूति हुनुको साटो प्रतिकूल मानसिकता हुन पुगेको छ। उनी सचेत भएर आफ्नो भूमिका लिन खोज्दा संकीर्ण हुर्काईको मानसिकताका पतिलाई सहज लाग्न सक्दैन र फलस्वरूप दम्पतिमा असमझदारी तथा अन्तरसंघर्षको स्थिति सृजना हुने गरेको देखिएको छ।

प्रेम विवाह गर्ने जोडीहरूमा केही समानता हुने प्रयास गरेको भए पनि पारिवारिक व्यवस्था तथा पुरुषहरूको आफ्नो निर्णय कार्यान्वयन गराउने प्रवृत्ति भएकोले अलि घुमाउरो पाराले पत्निको निर्णयात्मक हैसियत माथि नियन्त्रण गरेको देखिन्छ। 'मलाई विश्वास छ, मेरी पत्नीले मेरा कुरालाई काट्ने छैनन्, समर्थन गर्ने छिन्, मेरो निर्णयमा उनको विमति हुने छैन' भनेर पत्नीको विमति आउन सक्ने अवस्थालाई घुमाउरो नियन्त्रण गर्दछन्। 'हामी आपसी सल्लाह गर्नेछौं र उचित निर्णय लिनेछौं' भन्ने धारणा पुरुषहरूमा अत्यन्त न्यून भएकोले अध्ययनमा समेटिएका परिवार भित्रको दाम्पत्य जीवन 'वेद'ले उल्लेख गरेजस्तो पतित्व र पत्नित्वको आदर्श व्यवहारको अभावले ग्रस्त छ र आधुनिक धारणाले अवलोकन गर्दा नारी मर्यादाको अभाव विद्यमान छ।

**(ग) असन्तुलित यौनिकता**

विवाहलाई सामाजिक सम्मति भएको मानसिक सम्बद्धता वा मानसिक सम्बद्धता सृजना गर्ने सामाजिक क्रियाकलाप (mental attachment with social sanction or social function to creat mental attachment) मान्न सकिन्छ। दाम्पत्य जीवनका लागि निर्माण गरिएको कौटुम्विकता भित्र दुवै दम्पति लगायत अन्य सदस्यले त्यो सम्बन्ध वा संरचनाबाट भौतिक र सामाजिक सन्तुलन प्राप्त गर्नु परेझैं मानसिक आत्मीयताको पनि उत्तिकै खाँचो पर्दछ। दाम्पत्य जीवनका भौतिक संरचनाप्रति कस्को कस्तो व्यवहार वा अन्तरक्रिया रहन्छ भन्ने कुरामा व्यक्तिको मानसिक हैसियत र संकलित दृष्टिकोण वा आर्जित ज्ञान भण्डारका आधारमा परिवेशलाई कसरी बुझेको छ भन्ने कुरा महत्वपूर्ण हुन्छ। यो बुझाईमा व्यक्तिको मनोवैज्ञानिक चरित्रले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। दाम्पत्य जीवनमा व्यक्तिगत यौनिकतासँग सम्बन्धित व्यवहारले उसको मनोवैज्ञानिक सन्तुलनमा प्रभाव पार्दछ र उसको मनोवैज्ञानिक सन्तुलनको प्रभाव उसका सम्बद्ध दाम्पत्य व्यवहार र अन्तरक्रियाहरूमा ढिलो-चाँडो जसरी पनि पर्दछ। त्यसैले दाम्पत्य जीवनको प्रभावकारीताका लागि अन्य पक्षसँगै यौनिकताको सन्तुलन पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

अध्ययनमा समेटिएका घटनाहरूमा दम्पति बीचको यौन जीवन अत्यन्त असन्तुलित देखिएको छ। सन्तुलित यौनिकताको अनुभव व्यक्त गर्ने कुनै पनि दम्पति रहेनन्। कुल घटनाका ४६% घटनांका सरोकार पक्षले यौन जीवन असन्तुलित भएको व्यक्त गरेको तथ्य र ५४% घटनाले कम सन्तुलित भएको तथ्य (तालिका नं. ९) व्यक्त गरेको कुराले यहाँको दाम्पत्यमा यौनिकता विचलन हुने गरेको देखिन्छ। एउटै दम्पतीमा पुरुषले यौन जीवनबाट सन्तुष्ट रहेको वकालत गरे पनि महिलाले सन्तुष्टिपूर्ण यौन जीवन नपाएको, लोग्नेले

आफूलाई भोग्ने काम मात्र गरेको र नारी यौनिकताको मर्यादालाई कदर नगरेको तथ्य व्यक्त गरेका छन् । पारपाचुकीहरूको वैयक्तिक अनुभवबाट प्राप्त यौनिकता सम्बन्धी धारणालाई पुनः अरू विवाहितासँग परिक्षणका लागि धारणा संकलन गर्दा ८०% महिलाहरूले 'लोग्नेहरूको अनुदार र असहयोगी व्यवहारले महिलाहरूमा कुण्ठा, वितृष्णा र मानसिक रूपमा लोग्नेप्रति 'एलर्जी' हुने गर्दछ र वैकल्पिक व्यक्तिको चाहना तीव्र रूपमा बढ्ने गर्दछ' भन्ने तथ्य स्वीकार गरेका छन् ।

यौन जीवन विचलन हुनुमा एक अर्काप्रति आकर्षण नहुनु, विश्वास र श्रद्धा नहुनु तथा यौन क्रिडामा आफु ठगिएको, अतृप्त रहेको र आफुलाई आफ्नै जोडीले वेवास्ता गरेको अनुभूति हुने अवस्था सृजना हुनु प्रमुख कारण हुन भन्ने कुरा महिला उत्तरदाताहरूले उल्लेख गरेका छन् । आफु वाहेक अन्य व्यक्तिसँग यौन सम्बन्ध राखेको शंका तथा प्रमाणिकताका साथै सन्तान नहुने अवस्थाबाट पनि यौनिकतामा असर पारेको देखिएको छ । यद्यपि अध्ययनमा ५४% घटनाहरू निसन्तान भएको कारण विवाह विच्छेद गर्न प्रेरक भएको देखिए पनि ४६% घटनाहरू सन्तान भएर पनि यौनिकता विचलन रहेकोले मनोवैज्ञानिक यातना अनुभूति गरेको तथ्य व्यक्त गर्दछन् । अधिकांश महिलाहरूले पुरुषहरूलाई स्वार्थी, नालायक र पीडक भएको आरोप लगाएका छन् ।

### (घ) पारिवारिक हस्तक्षेप

विवाह र दाम्पत्य सम्बन्धका बारेमा हाम्रो समाजमा व्यक्ति व्यक्तिको सम्बन्ध मात्र भन्दा पनि परिवार-परिवारको सम्बन्ध जोडिने गर्दछ । कौटुम्बिक व्यवस्थामा लोग्ने र स्वास्नीसँगै उनीहरूको सम्बद्ध परिवार पनि कौटुम्विकसम्बन्धको जालोको प्रभावी अंग मान्नु पर्ने हुन्छ । दाम्पत्य सम्बन्धको प्रभावकारीतामा कौटुम्बिकीयको क्रियाकलापले भूमिका खेल्दछ । यस अध्ययनका अधिकांश घटनाहरूमा दम्पतीको आपसी रडाको चर्काउन र वैवाहिकता विघटन गराउनमा परिवारको हस्तक्षेपले अझ प्रेरित गरेको पाइन्छ । बुहारीलाई अनावश्यक मानसिक यातना दिलाउन छोरालाई उकास्ने र छोराले परिवारका कनिष्ठ सदस्यका सामु पनि आफ्नी पत्नीको मर्यादामा आँच पुऱ्याउने कार्य गरेको तथा सासुहरूबाट "यस्ती केटी छोडी दे बाबु, जस्ता भने त्यस्ता केटी पाइन्छन्" भन्दै छोरालाई दाम्पत्य मर्यादा भत्काउन प्रेरित गरेका तथ्यहरू पनि देखापरेका छन् । नयाँ पुस्ताका बुहारीबाट चाकडी नपाएको झोंकमा छोरालाई बुहारी विरुद्ध उकास्ने सासुहरू पनि भेटिएका छन् ।

## विवाह-विच्छेदका मूल कारणहरूको विश्लेषण

समाजका हरेक व्यक्ति मौलिक छन् र तिनका जीवनचरित्र र धारणाहरू पनि भिन्न छन् । त्यसैले उनीहरूको दाम्पत्य विचलनका घटनालाई किन (Why) भनेर खोजी गर्दा प्रत्येकको भिन्न र मौलिक जवाफ आउन सक्छ र निचोडमा आम सम्भावना व्यक्त गर्न सकिँदैन । तर यो भन्दा वैज्ञानिक रूपमा विवाह विच्छेदको विश्लेषण गर्नका लागि 'पारपाचुकेको परिस्थिति

कसरी सृजना भयो (How the situation for divorce is coming?)' भन्ने दृष्टिकोणबाट यसलाई केलाइनु बढी उपयोगी देखिन्छ । खुल्ला संरचनाका प्रश्नावलीका आधारमा घटनाका बारेमा संकलन गरिएका मौलिक अनुभवपूर्ण जवाफहरूलाई केलाएर 'पारपाचुके हुने अवस्था कसरी जन्मिएको छ ? भन्ने कुरा पत्ता लगाउने प्रयास गर्दा एउटै मात्र ढाँचामा सबैलाई अटाउन सकिँदैन र एउटै ढाँचाको जवाफमा पनि समग्रतालाई केलाउन सकिदैन । सामाजिक घटना (विवाह-विच्छेद) कसरी देखापऱ्यो ? वा कुन कुन सामाजिक परिस्थितिले त्यो घटनालाई प्रेरित गरे ? सम्बन्धित पक्षहरूको कस्तो कस्तो गतिविधि र अन्तरक्रियात्मक व्यवहारले त्यो घटना सृजनामा भूमिका खेलेका छन् ? आदि सवालहरूलाई ध्यानमा राखेर घटनालाई छानविन गर्दा उनीहरूको समग्र दाम्पत्य व्यवस्थालाई विभिन्न परिक्षणका ढाँचामा राखेर केलाइनु उपयुक्त हुन्छ । यस कारणले पारपाचुकेका कारणहरू केलाउन तीनवटा ढाँचामा राखेर 'कम्पोजिङ' गर्ने प्रयत्न भएको छ । जसअनुसार पारपाचुकेको चरमविन्दुमा पुगेको बेला सरोकार पक्षको तातो अनुभवमा देखिएको 'दाम्पत्य विचलनको कारण', 'अतिरिक्त सूचनाले देखाएका कारण' र 'विश्लेषणले देखाएका कारण' आदि ढाँचाहरूबाट कारणको खोजी गरी विश्लेषण गरिएको छ ।

**दाम्पत्य विचलनको कारण** : दाम्पत्य जीवनमा विभिन्न प्रकारका व्यक्तिगत, पारिवारिक र चारित्रिक कारणहरूबाट विचलन देखापरेको देखिन्छ । हरेक नमूना घटना एक अर्कोभन्दा भिन्न र मौलिक छन् । तर पनि ती घटनाको सृजनाको प्रकृति चरित्रहरूमा केही तालमेल देखिन्छ । तालमेलका आधारमा समग्र दाम्पत्य जीवनको विचलनका कारणलाई दुईवटा मूलभूत बुँदामा समेटिएको छ ।

(क) यौन जीवनमा विचलनको अवस्थाले
(ख) शारीरिक तथा मानसिक यातनापूर्ण व्यवहारले

उल्लेखित बुँदाहरूमाः सन्तान नभएको, सन्तुलित र विश्वासिलो सहवासमा रहन नसकेको र आफ्नो जोडी तथा परिवारबाट सहभावपूर्ण व्यवहारको अभाव भएका घटनाहरूका साथै लोग्नेले सौता ल्याएका कारणबाट पूर्व पत्निको यौनिकतामा आँच पुगेको बताइएका घटनाहरूलाई 'यौन जीवनमा विचलनको अवस्था' मा समेटिएको छ । यस्तै गरी लोग्नेले नसालु पदार्थ खाएर कुटपीट गर्ने तथा नसेवाज नभएकाले पनि पत्नीलाई मानसिक रूपमा यातना पुग्ने व्यवहार गरेको अवस्थाबाट दाम्पत्य विचलनलाई प्रेरित गरेका घटनालाई 'यातनापूर्ण व्यवहार' मा समायोजन गरिएको छ ।

**तालिका नं. ११ व्यक्तिगत वितरणको आधारमा दाम्पत्य विचलनको कारण**

| विवाह | यौन जीवनमा विचलन | यातनापूर्ण व्यवहार | कूल |
|---|---|---|---|
| मागी | १६ (६१.५%) | १० (३८.५%) | २६ |
| प्रेम | १० (४५.५%) | १२ (५४.५%) | २२ |
| जम्मा | २६ (५४%) | २२ (४६%) | ४८ |

*स्रोत: स्थलगत सर्वेक्षण, २०५६ ।*

उल्लेखित घटनाहरूलाई विवाह अनुसार विचलनका कारणहरू समेत केलाउन प्रति तालिकीकरणमा हेर्दा (तालिका नं. ११) कुल घटनामा ५४% ले यौन जीवनमा विचलन आएको तथ्य देखाएका छन् भने ४६% ले यातनापूर्ण व्यवहारका कारणले हुन पुगेको तथ्य अगाडि सार्दछन् । यस्ता तथ्यहरू दुवै खाले विवाहमा पाइएका छन् । कुल मागी विवाहका ६१.५% र प्रेम विवाहका ४५.५% मा यौन जीवनको विचलन देखिएको छ भने यातनापूर्ण व्यवहारहरू विवाहगत रूपमा हेर्दा मागी विवाहका ३८.५% परेका छन् भने प्रेम विवाहका ५४.५% ले प्रतिनिधित्व गर्दछन् । उल्लेखित आँकडा तुलनात्मक रूपमा हेर्दा मागी विवाहमा 'यौन जीवनको विचलन' को आकार ठूलो देखिएको छ भने प्रेमविवाहमा 'यातनापूर्ण व्यवहार' को आकार ठूलो देखिएको छ । दाम्पत्य विचलनका प्रकृतिहरू सृजनामा यी दुवै घटनाहरू नै मूल रूपमा अगाडि देखिन्छन् ।

**तालिका नं. १२ विवाहमा सम्मति र दाम्पत्य विचलनको स्थिति**

| हार्दिक सम्मतिको स्थिति | यौन विचलन | यातना |
|---|---|---|
| हार्दिक सम्मतिको मात्रा भएको (३०%) | ८ (३१%) | ७ (२७%) |
| हार्दिक सम्मतिको मात्रा नभएको (७०%) | १८ (६९%) | १६ (७३%) |

*स्रोत: स्थलगत सर्वेक्षण, २०५६ ।*

दाम्पत्य विचलनका कारणहरूमा विवाह गर्दा हार्दिक सम्मति भए नभएको अवस्थाले पनि प्रभाव पारेको तथ्य देखा परेको छ । तालिका नं. १२ मा विवाहमा हार्दिक सम्मतिका आधारमा दाम्पत्य विचलनको कारण केलाउँदा हार्दिक सम्मति नभएका विवाहहरूमा यौन विचलन र यातनाको दर बढी नै देखिएको छ । हार्दिक सम्मतिको अभावमा विवाह भएका ( करीब ७०%) जोडीहरूमा नै यौन विचलन र यातनाको अवस्थामा क्रमशः ६९% र ७३% प्रतिनिधित्व गर्दछन्, जबकी हार्दिक सम्मति भएका (३०%) जोडीहरूले क्रमशः यौन विचलनमा ३१% र यातनामा २७% मात्र आकार ओगटेका छन् । अधिक मात्रामा हार्दिक सम्मतिको अभावमा विवाह भएका जोडीहरू हुनु र तिनीहरूकै दाम्पत्य विचलनका

कारणहरू उच्च दरमा प्रभावित भएको तथ्यले विहेपूर्वको जोडी चयनको प्रक्रियाले दाम्पत्य जीवनको सन्तुष्टिमा पनि प्रभाव पार्दोरहेछ भन्ने पमाण देखाएको छ ।

**अतिरिक्त सूचनाले देखाएको कारण** : पारपाचुकेका कारणहरूलाई अवलोकन गर्दा विवाहको तयारीका क्रमवाटै रोपिएको दुर्घटनाको सम्भावना पनि समेट्नुका साथै दाम्पत्यका विभिन्न पक्षहरूमा उनीहरूको सहभागिता र अन्तरक्रियात्मक व्यवहारको मात्रालाई समेटिनु आवश्यक हुन्छ । अध्ययनको क्रममा अतिरिक्त सूचनाले देखाएका तथ्यहरूलाई पाँच वटा समूहमा उत्तरदाताको सम्मतिको मात्राको आधारमा तालिका नं. १३ मा तालिकीकरण गरिएको छ ।

**तालिका नं. १३ अतिरिक्त सूचनाले देखाएका कारण र प्रभावित जोडिगत आँकडा #**

| कारण | प्रभावित जोडी | प्रतिशत |
|---|---|---|
| परिपक्वताको अभाव | १५ | ६२% |
| पारदर्शिताको अभाव | १७ | ७१% |
| सन्तानको अभाव | १३ | ५४.२% |
| यौन सन्तुलनको अभाव | १९ | ७९% |
| परिवारको यातनापूर्ण व्यवहार | १७ | ७१% |

*स्रोत: स्थलगत सर्वेक्षण, २०५६ ।*

#नोट: यस तालिकामा एउटा जोडीले एकभन्दा बढी कारणबाट आफु प्रभावित भएको देखाएको छ । उल्लेखित तालिकामा पाँचवटा कारणबाट प्रभावित भएका जोडीलाई देखाइएको छ । यहाँ कुन कारणबाट बढी जोडी प्रभावित भएको महसूस गरेका छन् भन्ने तथ्य देखाउन खोजिएको छ ।

उल्लेखित आँकडाले देखाए अनुसार दाम्पत्य दुर्घटनाका सम्भावित पक्षहरू केही विवाह पूर्वको त्रुटीका कारण विवाहसँगै रोपिएका छन् भने केही विवाहपछिको असन्तुलित र असम्मानित दाम्पत्यताबाट सृजना भएको पाइन्छ । तालिका नं. १३ ले देखाएको आँकडा अनुसार पारपाचुके भएका जोडीहरूमा ६२% को परिपक्वताको अभावको मात्रा छ भने त्यो भन्दा बढी ७१% जोडीहरूमा एकअर्कामा पारदर्शी पहिचानको अभाव थियो । यस्तो अपरिपक्व र अपारदर्शी व्यवहारको शिकार भएका जोडीहरूमा स्वस्थ पहिचानको अभाव भएकोले लिइएको वैवाहिक निर्णयमा कौटुम्बिकताका सबै पक्षको उत्तिकै सन्तुलित सम्मति भएको कुरा नकारेको देखिन्छ । यस्तै गरी ५४% जोडीहरूमा सन्तानको अभावले यौनिक सन्तुलनमा गडवडी ल्याएको छ भने ७९% जोडीहरूमा प्रष्ट रूपमा यौन सन्तुलन र समर्पणको अभाव देखिएको छ । परिवारमा यातनापूर्ण परिस्थिति भोग्नु परेको घटनाहरू पनि

७१% जोडीमा देखिएको छ। यसरी पारपाचुकेमा कुनै एउटा कारणले मात्र समस्या हुने नभई धेरै खाले समस्याले दाम्पत्य दुर्घटना पार्ने प्रभावी भूमिका खेल्ने गरेको देखिन्छ।

**विश्लेषणले देखाएका कारण** : कारणहरूको सत्य-तथ्यतालाई पहिचान गर्न प्रारम्भिक रूपमा देखिएका कारण तथा अतिरिक्त रूपमा देखिएका कारणहरूलाई खोजको केन्द्रीय उद्देश्य अनुरूप तालमेल मिलाउने र समग्रताको विश्लेषणबाट ठोस कारण पत्ता लगाउने कोशिस यस बुँदामा गरिएको छ। यहाँ अघिल्ला बुँदाहरूमा उल्लेख गरिएका कारणहरूलाई नै आधारमा राखेर विश्लेषण गरिएको छ।

पारपाचुकेसम्बन्धी यस अध्ययनका तथ्यहरूलाई विश्लेषणात्मक ढाँचामा केलाउँदा चार प्रकारका कारणहरू प्रखर रूपमा देखिएका छन्। यसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:

**तालिका नं. १४ पारपाचुकेका विश्लेषणात्मक कारणहरू र प्रभावित जोडीहरूको वितरण**

| कारणहरू | प्रभावित जोडी | प्रतिशतमा |
|---|---|---|
| स्वस्थ पहिचान र हार्दिक सम्मतिको अभावमा विवाह हुनु | २१ | ८७.५% |
| दाम्पत्य जीवनमा सह-अस्तित्वपूर्ण मर्यादाको अभाव हुनु | २२ | ९२.०% |
| भिन्न सामाजिकिकरणको जोडीमा विहे गरिनु | ९ | ३७.५% |
| सन्तुलित यौनिकताको अभाव हुनु | २२ | ९२.०% |

*स्रोत: स्थलगत सर्वेक्षण, २०५६।*

उल्लेखित कारणहरूमा प्रभावित घटनाहरूका आँकडालाई केलाउँदा (तालिका नं. १४) स्वस्थ पहिचान र हार्दिक सम्मतिको अभावमा विवाहित भएकाले ८७.५% घटनाहरू प्रभावित छन् भने दाम्पत्य जीवनमा सह-अस्तित्वपूर्ण मर्यादाको अभावमा दाम्पत्य विखण्डन भएका ९२% घटनाहरू देखिएका छन्। त्यसैगरी विश्लेषणमा एउटा नयाँ तथ्य भिन्न जीवनशैलीका जोडीहरूको बीच आपसी तालमेल नदेखिएकोले दाम्पत्य जीवनमा सन्तुलन ल्याउन कठिन देखिएको घटनामा करिब ३७.५% जोडीहरू प्रभावित भएका छन्। भिन्न सामाजिक धरातलमा हुर्केका र भिन्नखाले जीवन शैली बनाएका जोडी बीच विवाहपूर्व स्वस्थ-पारदर्शी पहिचान हुन नपाईकनै स्वीकार गरिएको वैवाहिकतामा व्यावहारिक शैलीहरू भिन्न भएकोले एकले अर्कोसँगको दाम्पत्य जीवनमा मानसिक कठिनाई र एक अर्काप्रति घृणाको भावना श्रृजित भएको देखिएको छ, जसले परन्तुमा दाम्पत्य सन्तुलनमा विचलन बढाउन प्रेरित गरेको छ। यो बुँदा आफैमा दाम्पत्य विचलनको प्रमुख कारण हुनुभन्दा अरू कारणहरूलाई सक्रिय बनाउन टेवा दिने र कौटुम्विकीयका आँगिक तत्वहरूको आपसी अन्तरक्रियात्मक सम्बन्धमा खलल पार्ने धमिरालाई प्रशस्त सहयोग पुऱ्याउँन सकृय देखिन्छ। दाम्पत्य प्रति समर्पण र उर्जाशील एकतामा खलल पुऱ्याउन यसले एउटा विकृत र विक्षिप्त दृष्टिकोणको सृजना गराराउँदछ। यसै क्रममा दाम्पत्य जीवनमा सन्तुलित यौनिकताको

अभावको स्थितिबाट पारपाचुके तर्फ ९२% घटनाहरू प्रभावित भएका छन् । यौनिकता भन्नाले वृहत्तर सन्तुलित यौन जीवनलाई समेट्न खोजिएको छ, संकीर्ण कामुकतालाई मात्र होइन । दम्पतीहरू बीच सहिष्णु यौनजीवन नहुनु, एक अर्काको यौनिकता प्रति विश्वासिलो नहुनु वा समर्पित र सन्तुष्ट हुन नसक्नु तथा नारीहरूले मातृत्वको भूमिका नपाउनु र एक अर्काको व्यवहार र अन्तरक्रियात्मक दृष्टिकोणले एक अर्काप्रति आकर्षण र महत्वको सम्भावना न्यून हुँदै क्षीण हुन पुग्नु यौनिकतामा विचलन सृजना गर्ने तत्वहरू देखिएका छन् । अधिकतर दम्पतीहरूको यौनिकतालाई उनीहरूको दाम्पत्य वातावरणले बाह्य रूपमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । पुरुषहरूले महिलाहरूको यौनिकताको सम्मान गर्न नसकेको, पतिहरूद्वारा नै पत्नीहरूको मानसिक समर्पण र श्रद्धा गुमेको अवस्था सृजना भएको तथ्य एकातिर छ भने व्यभिचारपूर्ण यौनिकताबाट विक्षिप्त जीवन यापन गर्नुभन्दा वैकल्पिक मुक्तिको बाटो खोज्दै पारपाचुके गर्न पुगेका तथ्य पनि यस भित्र समेटिएका छन् । आफ्नो जोडीले परव्यक्तिसँग यौन सम्बन्ध राखेको सूचना र तथ्यले गर्दा कतिपय महिलाले लोग्ने प्रति अविश्वास गर्ने अवस्था जन्मेको छ भने महिलाले परपुरुषसँग यौन सम्बन्ध राखेको तथ्यले पुरुषले सो पत्नीलाई आफ्नो दाम्पत्यबाट मुक्त गर्न सामाजिक-मनोवैज्ञानिक दवाव पर्ने कारणबाट हुने पारपाचुके पनि यही सन्तुलित यौनिकताको बुँदामा समेटिएको छ । अध्ययनमा यो पनि एक प्रमुख तत्वको रूपमा देखा परेको छ ।

तागाधारीहरुको समग्र पारपाचुकेका सम्बन्धमा गरिएको अध्ययनबाट दुईवटा सैद्धान्तिक र व्यवहारिक निष्कर्षमा पुगिएको छ ।

### (क) सैद्धान्तिक निष्कर्ष

त्रुटिपूर्ण चरित्रबाट कौटुम्विकताको निर्माण गरिनु र निर्मित कौटुम्विकताका आंगिक तत्वहरूमा कार्यात्मक एकताको अभाव भईरहनु नै विवाह-विच्छेदको मूल सैद्धान्तिक कारण हो । विवाह-विच्छेदले दाम्पत्य व्यवस्थाको विघटन सँगै कौटुम्विकता समेत विघटन गर्दछ र यस्ले तत्कालीन कौटुम्बिक सम्बन्धको जालोका सबै पक्षमा प्रत्यक्ष प्रभाव पार्दछ ।

### (ख) व्यावहारिक निष्कर्ष

विवाह-विच्छेदका कारणहरूलाई विभिन्न ढाँचा र प्रक्रियामा विश्लेषण गरी केलाउँदा एउटा मात्र कारणले पारपाचुके हुने गरेको नभई चारवटा तत्वहरू (Four factors) को प्रक्रियागत कारणले यो घटना सृजना हुने गरेको देखिएको छ । अवधारणागत खाकामा उल्लेख गरेझैं पारपाचुकेको बीज विवाहसँगै रोपिएको हुन्छ र केही समयको अन्तरालमा बीजले अस्तित्व देखाई स्वाभाविक रूपमा पारपाचुके जन्मिन्छ । जस अनुसार– 'स्वस्थ पहिचान र हार्दिक सम्मतिको अभावमा विवाह हुनु तथा दाम्पत्य व्यवस्थामा सह-अस्तित्वपूर्ण मर्यादा र सन्तुलित यौनिकताको अभाव रहनु' नै विवाह विच्छेदको मूल व्यवहारिक कारण हो ।

उल्लेखित चार तत्वहरुमा विवाह सृजनाका दुई तत्व र विवाहपछिका दाम्पत्य अन्तरक्रियाका दुई तत्वहरू बीच पारस्परिक अन्तर्सम्बन्ध छ र यिनीहरूले नै विवाह सम्बन्धमा उर्जाशील प्राण संचार गराउन साधनको भूमिका निर्वाह गर्दछन् । यी सबै पक्षको सन्तुलित र सम्मानित अवस्था रहेसम्म वैवाहिक सम्बन्ध टिकीरहन्छ, अन्यथा जुनसुकै बेला पनि त्यो सम्बन्ध समाप्त हुन सक्छ । वैवाहिक सम्बन्ध समाप्त भएपछि पूर्व जोडी र उनका सन्तानहरूलाई उचित संरक्षण र नयाँ क्रियाशीलता दिन आजको सामाजिक व्यवस्था सक्षम भै नसकेकोले संरक्षण र सन्तुलित क्रियाशीलताको अभावका कारण सम्बद्ध व्यक्तिहरू असामान्य स्थितिको शिकार भईरहेका छन् । यसको अरू असर कौटुम्बिकताका अन्य सम्बद्ध पक्षहरूमा पनि अधिकांशतः हानिकारक नै देखिएको छ ।

बालबच्चा विहीन पारपाचुके भन्दा बालबच्चा सहितको पारपाचुके बढी असरकारी देखिएको छ । दम्पतीको वेमेल र विच्छेदपूर्ण परिस्थितिमा हुर्केका सन्तानहरू कानूनतः बाबुको संरक्षणमा रहने प्रचलन छ, आमाको संरक्षणमा रहेका सन्तानहरू भन्दा बाबुको संरक्षणमा रहेका र आमासँग सम्पर्क र सम्वादको अवसर नपाएका बालबालिकाहरू बढी असामान्य र विक्षिप्त मनोदशामा सामाजीकृत भईरहेका छन् । पारपाचुकी पुरुषभन्दा महिलालाई सामाजिक असहयोग बढी छ र उनीहरूका सन्तानमा पुत्रलाई भन्दा पुत्रीहरूमाथि सामाजिक शोषण बढी छ । पारपाचुके गर्ने व्यक्तिले तत्कालका लागि राहत महशूस गरे पनि नयाँ वैकल्पिक पारिवारिकता अपेक्षित रूपमा सन्तुलित छैन । कालान्तरमा पुरुषहरू नै बढी मात्रामा मानसिक पीडा र असामान्य स्थितिका शिकार भईरहेका देखिएका छन् । परिवारका यी विचलनमुखी विवाह र जीवन शैलीले सामाजिक व्यवस्थामा मानवीय एकता कमजोर भएकोछ, जसको परिणतिले समाजमा अर्को विभाजनमुखी प्रवृत्ति र असन्तुलन बढाउने सम्भावना छ । मानवीय विकासको प्रारम्भिक संस्था 'परिवार' निर्माणको परम्परागत प्रक्रिया 'विवाह'को मर्यादा र प्रभावकारितामाथि विसंगत सामाजिक कार्यशैलीका कारण विश्वास र श्रद्धा घट्न थालेको छ ।

**सैद्धान्तिक प्रस्तावना** : उल्लेखित निष्कर्षका आधारमा वैवाहिक सन्तुलनका बारेमा अनुमान लगाउन र विश्लेषण गर्न एउटा सैद्धान्तिक दृष्टिकोण (Theoretical vision) तल प्रस्तुत गरिएको छ ।

एकाई १: पारपाचुके जोडी बीच विवाहका क्रममा 'स्वस्थ पहिचानको अभाव' थियो ।
एकाई २: पारपाचुके जोडी बीच विवाहका क्रममा 'हार्दिक सम्मति' को अभाव थियो ।
एकाई ३: पारपाचुके जोडीको दाम्पत्य जीवनमा 'सह-अस्तित्वपूर्ण मर्यादा' को अभाव थियो ।
एकाई ४: पारपाचुके जोडीको दाम्पत्य जीवनमा 'सन्तुलित यौनिकता' को अभाव थियो ।
निष्कर्ष १: पारपाचुके जोडीको विवाहका क्रममा 'स्वस्थ पहिचान' र 'हार्दिक सम्मति' तथा दाम्पत्य जीवनमा 'सह-अस्तित्वपूर्ण मर्यादा' र 'सन्तुलित यौनिकता' को अभाव थियो ।

निष्कर्ष २: विवाहका क्रममा 'स्वस्थ पहिचान' र 'हार्दिक सम्मति' तथा दाम्पत्य जीवनमा 'सह-अस्तित्वपूर्ण मर्यादा' र 'सन्तुलित यौनिकता' को अभावले नै दम्पतीमा पारपाचुकेको अवस्था आएको थियो ।

निष्कर्ष ३: विवाहका क्रममा 'स्वस्थ पहिचान' र 'हार्दिक सम्मति' तथा दाम्पत्य जीवनमा सह-अस्तित्वपूर्ण मर्यादा' र 'सन्तुलित यौनिकता' को अभाव नै विवाह विच्छेदको मूल कारण हो ।

प्रक्षेपण १: विवाहका क्रममा 'स्वस्थ पहिचान' र 'हार्दिक सम्मति' तथा दाम्पत्य जीवनमा 'सह-अस्तित्वपूर्ण मर्यादा' र 'सन्तुलित यौनिकता' को अभाव भएका विवाहमा पारपाचुकेको सम्भावना बढी हुन्छ ।


प्रक्षेपण २: 'स्वस्थ पहिचान र हार्दिक सम्मति, सह-अस्तित्वपूर्ण मर्यादा, सन्तुलित यौनिकता' र पारपाचुकेका बीचमा विपरीत सम्बन्ध छ । विवाहमा स्वस्थ पहिचान, हार्दिक सम्मति, सह-अस्तित्वपूर्ण मर्यादा र सन्तुलित यौनिकताको अनुपात बढेमा पारपाचुकेको मात्रा घट्न थाल्छ र ती तत्वहरूको मात्रा घटेमा पारपाचुकेको मात्रा बढ्न सक्छ ।

प्रक्षेपण ३: विवाहका क्रममा स्वस्थ पहिचान र हार्दिक सम्मति तथा दाम्पत्य जीवनमा सह-अस्तित्वपूर्ण मर्यादा र सन्तुलित यौनिकता हुर्कन सक्ने कौटुम्बिकताको निर्माण भएमा दाम्पत्य जीवन सफल र उर्जाशील बन्न सक्छ, अन्यथा रुग्ण पारिवारिकतामा रूपान्तरिक भई दाम्पत्य जीवन असन्तुलित हुन पुग्छ ।

पुष्टी : विवाहमा स्वस्थ पहिचान, हार्दिक सम्मति, सह-अस्तित्वपूर्ण मर्यादा र सन्तुलित यौनिकताले स्वस्थ र सवल कौटुम्बिकताको निर्माण गर्न मद्दत पुऱ्याउँदछ । स्वस्थ र सवल कौटुम्बिकताले दाम्पत्य सम्बन्धलाई उर्जाशील बनाउँछ र विचलन हुनबाट जोगाउँछ । यी आधारभूत तत्वहरूको अभाव र असन्तुलनले कौटुम्बिकीयलाई असन्तुलित र कमजोर बनाउँछ, जसको परिणामस्वरूप दाम्पत्य विचलन वा पारपाचुके अवस्था जन्मन सक्छ । यी चारवटा आधारभूत मौलिक पक्ष (Four fundamental factors); 'स्वस्थ पहिचान, हार्दिक सम्मति, सह-अस्तित्वपूर्ण मर्यादा र सन्तुलित यौनिकता तथा कौटुम्विकताका बीच पारस्परिक सकारात्मक सम्बन्ध छ । आधारभूत मौलिक तत्त्वहरू सवल भएमा कौटुम्विकता पनि सवल रहन्छ, अन्यथा विलोम हुनसक्छ ।

प्रस्तावित विवाहविच्छेदको सिद्धान्तलाई चित्रमय रूपमा पनि यस प्रकार देखाउन सकिन्छ :-

**चित्र नं. १ वैवाहिकता टिकाउने र टुटाउने प्रभावी तत्व र अन्तरकृयात्मक सम्बन्धको चित्र**



चित्र नं १ मा (क) खण्डले कुलपरिवार व्यवस्थाको पुरुष र कुटुम्व परिवार व्यवस्थाको महिला बीचमा भएको दाम्पत्यसम्बन्धमा दम्पतिहरुको आपसी अन्तरकृयात्मकसम्बन्ध र कुल कुटुम्ब पक्षले दम्पति प्रति देखाउने अन्तरकृयात्मक व्यवहारमा 'प्रभावी तत्व' **सवल** रहेको अवस्थामा त्यो दाम्पत्य लगायत समग्र कौटुम्बिक सम्बन्धका पक्षहरुमा उर्जाशील एकता देखिएको छ । त्यस्तैगरि चित्र २ खण्ड (ख) ले ठीक विपरीत फितलो अन्तरकृयात्मक सम्बन्ध रहेको देखाएको छ । दाम्पत्य सम्बन्ध भित्रका आपसी अन्तरकृयात्मक सम्बन्ध र कुल कुटुम्बपक्षले केन्द्रित दाम्पत्य सम्बन्धप्रति देखाउने अन्तरकृयात्मक व्यवहारमा 'प्रभावी तत्व' हरूको **फितलो** उपस्थितिले दाम्पत्य सम्बन्ध खण्डित भएको मात्र नभई त्यो कौटुम्बिक सम्बन्धको जालो कमजोर र निश्प्रभावी रहेको देखाएको छ ।

यो समग्र अध्ययनले दाम्पत्य सम्बन्धका प्रत्यक्ष तत्व लोग्ने-स्वास्नी बीचको अन्तरकृयात्मक व्यवहार र उनीहरुका सम्बन्धमा कुल-कुटुम्ब पक्षको अन्तरकृयात्मक व्यवहारको अन्तरसम्बन्धमा 'स्वस्थ पहिचान, हार्दिक सम्मति, सहअस्तित्वपूर्ण मर्यादा र सन्तुलित यौनिकता' सवल रुपमा कृयाशील भएमा दाम्पत्य सम्बन्ध लगायत समग्र कौटुम्बिकताको अस्तित्व जीवन्त रहन्छ । यदि आपसी दाम्पत्य सम्बन्धमा र उनीहरुप्रति कुल-कुटुम्ब पक्षको अन्तरकृयात्मक व्यवहारहरुमा **चार मौलिक प्रभावी तत्व** को कृयाशीलता स्वस्थ र सवल नभएमा त्यो दात्पत्य सम्बन्ध लगायत कौटुम्बिक सम्बन्धको जालो समेत विखण्डित वा सो सरह कमजोर रहन सक्छ । यही नै यस अध्ययनको गुरू सन्देश हो ।

**पाद टिप्पणी**

१ उनीहरु आफूलाई सार्वजनिक रूपमा चिनाउनु पर्दा पारपाचुकी भएको कुरा बताउन चाहँदैनन् । कसैले प्रसंगवस कोट्याएमा सकेसम्म वास्तविकता लुकाउने प्रयत्न गर्दछन् ।

२ किनकि परिवार नै मानवको प्रारम्भिक संगठन थियो र व्यक्तिका सबै शक्ति परिवारमा निहित थिए भन्ने विश्वास गरिन्छ ।

३ यो हरेक प्राणीमा हुने प्रवृति हो भन्ने मत "सोसियो-वायोलोजी थ्योरी" ले राख्दछ ।

४ यसै मान्यताको उदाहरणमा स्त्रीको अनुपस्थितिमा पुरुष अपूर्ण हुने भएकोले रामले सीतालाई अश्वमेध यज्ञको बेला उनको उपस्थिति जनाउन सीताको प्रतिमा आफूसँगै राखेको प्रसंग रामायणमा पाइन्छ ।

५ यसको विश्लेषण गर्दा स्त्रीहरू वहु विवाहका लागि स्वीकार्य हुन् र प्रथम तीन विवाह देवताहरूसँग गरीसकेपछि चौथो पतिको रूपमा मनुष्य पुत्रसँग संस्कार गरिएको हो कि भन्ने अर्थ लाग्दछ । विवाह मण्डपमा तीनपटक सम्म अग्नि प्रदक्षिणा गर्दा कन्याले बरलाई औंलाले तानेर अगुवाई गर्ने कर्मले कन्या सोम, गन्धर्व र अग्निसँग निवृत्त भएर चौथो पतिको रूपमा मनुष्यलाई वरण गरेको प्रष्ट हुन्छ । यो कुरा 'विवाह पद्धति' पुस्तकमा पनि पाइन्छ । *'सोम : प्रथमो, गन्धर्वो द्वितीय उत्तर : तृतीयो S अग्निष्टे पतिस्तुरीयस्ते मनुष्यजा ॥ सोमोददृगन्धर्वाय गन्धर्वो ददग्नये । रयिं च पुत्राश्चादा*

*दग्निर्मह्यमयो इमाम'* ॥ स्रोत : विवाह पद्धतौ - होमारम्भ श्लोक २/३ जयनेपाल प्रकाशन, वाराणशी ।

६ यतिबेला प्राकृतिक जीवन पद्धति भएको र आचरणमय जीवनका लागि कसैलाईपनि हिंसा वा विभेद गर्नु पाप सरह हुने विश्वास गरिन्थ्यो । स्त्रीहरु पति मरेमा सति जानु पर्ने थिएन र विद्या तथा धन र शक्तिमा सरस्वती, लक्ष्मी र दुर्गा लगायतका स्त्री जातिको पनि सम्मान गरिन्थ्यो, स्त्री र पुरुषलाई अर्ध नारीश्वरको रूपमा हेरिन्थ्यो भन्ने विश्वास आजपनि तागाधारी समाजमा प्रचलित छ ।

७ पाराशर स्मृति ४।३० पेज ३४ । ("नष्टे मृते प्रव्रजिते क्लीवे च पतिते पतौ । पंचास्वपत्सु नारीणां पतिरन्यो विधीयते ॥ ३० ॥

८ रामायणमा रामचन्द्र बनबास जाँदा पञ्चवटी वनमा सीताको खोजीमा भौंतारिएर छटपटिएको बेला सतीले सीताको रूप धारण गरी पुरुषको पत्नि प्रेमलाई परीक्षण गर्न गएको प्रकरणले सीताको रूप धारण गरेकी सतीलाई महादेवद्वारा 'सीता मेरी आमा जस्ती हुन, उनको स्वरूप धारण गर्नेलाई मैले संभोग गर्न मिल्दैन, त्यसैले मबाट लोग्नेको सम्बन्ध बहाल गर्न सकिँदैन' भनेर सतीसँग दम्पतिको सम्बन्ध क्रियाशील नगराएको हुँदा सतीदेवी लज्जित भएर आफ्नो त्यो देह त्याग गरी अर्को जन्म लिने मौकाको खोजीमा रहेको बेला आफ्ना पिता दक्षको यज्ञमा कथित अपमानको कारण देखाएर आत्महत्या गरेको प्रसंग श्रीमददेवी भागवतमा उल्लेख गरिएको पाइन्छ ।

## सन्दर्भका रूपमा प्रयुक्त सामग्रीहरू


Boodhoo, Sarita. 1994. *Kanya Dan.* Mauritius: Mauritius Bhojpuri Institute

CBS. 1998. *Statistical Pocket Book of Nepal.* Kathmandu: Central Bureau of Statistics.

CBS. 1995. *Population Monograph of Nepal.* Kathmandu: Central Bureau of Statistics.

*The New Encyclopaedia Britanica (Micropedia).* 1981. Vol. III, pp. 586.

Frank, Hankins H. 1931. *"Divorce." Encyclopaedia of the Social Sciences* Vol. 5. New York: The Macmillan Company, pp. 177-184.

Harris, Marvin. 1978. *Cultural Materialism: The Struggle for a Science of Culture.* New York: Harper Row.

Horton, Paul B. and Chester L. Hunt. 1968. *Sociology.* New York: McGraw Hill Book Company.

Winch, Robert F. 1972. "*Marrriage: Family Formation.*" In David L Sills (ed.), *International Encyclopaedia of Social Science*, Vol. 10, pp. 1-8.

Malinowski, B. 1932. *Crime and Custom in Savage Society*. New York: Harcourt Bruce.

Nepali, G.S. 1965. *The Newars: An Ethnosociological Study of Himalayan Community*. Bombay: United Asia Publication.

Pothen, Sosamma. 1996 [1986]. *Divorce: Its Causes and Consequences in Hindu Society*. New Delhi: Vikas Publishing House Pvt. Ltd.

Ray, Baber E. 1939. *Marriage and Family*. New York: McGraw Hill Book Company

Thapaliya, Shanta. 1995. *Customary Practices of Divorce in Nepalese Society*. Lalitpur: Legal Aid and Consultancy Center.

**नेपाली भाषाका सन्दर्भहरू**

आचार्य, बलराम (२०५४) *नेपाली समाजमा विवाह र सम्बन्ध विच्छेद*, अप्रकाशित शोधपत्र, ( पृ. ६७-९०) काठमाडौं : त्रि.वि. समाजशास्त्र ।

आचार्य, शिव (१९९६) *युगान्तर त्रैमासिक*, वर्ष २ (५) (पृ. ४-५) शिलाङ : नेपाली साहित्य प्रकासन समिति ।

कास्की, जिल्ला अदालतमा दर्ता भएकासम्बन्ध विच्छेद अभिलेख, वि.सं. २०३०-२०५५ ।

नेपाली वृहत शब्दकोश (२०५२) (सं. पोखरेल, बालकृष्ण, वासुदेव त्रिपाठी, वल्लभ मणि दाहाल, कृष्णप्रसाद पराजुली, गोपीकृष्ण शर्मा, हर्षनाथ भट्टराई) काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

प्रपन्नाचार्य, स्वामी (२०५४) *वेदमा के छ ?*, ललितपुर : साझा प्रकाशन

बराल, रामचन्द्र (२०५७) विवाह विच्छेदका कारण र असर, पोखरा उपत्यकाका तागाधारी पारपाचुकीमा आधारित समाजशास्त्रीय अध्ययन, अप्रकाशित शोधपत्र, काठमाडौं, त्रिभुवन विश्वविद्यालय ।

बागी, प्रतिक्षा (२०५५), *वैवाहिक परम्परा : छोरीवेच्ने देखि ज्वाइ खरिदने सम्म*, कमाण्डर दैनिक काठमाडौं : बर्ष १, अङ्क ८९ जेठ ।

बागी, प्रतिक्षा (२०५६), *महिलावादी अभियानमा हाम्रो हैसीयत के हो ? साप्ताहिक असन बजार*, काठमाडौं : २०५६ फाल्गुण २१ गते ।

भट्टराई, हर्षनाथ (२०४६), *हाम्रो समाजको अटल आधार: विवाह, प्रज्ञा*, काठमाडौं : वर्ष १८ अंक २,३ पृ. ९०-९६ ।

*मुलुकी ऐन* २०२० (दशौं संशोधन), श्री ५ को सरकार (२०५१), काठमाडौं : पैरवी प्रकाशन ।

लम्साल, नारायणप्रसाद (२०३३), *हिन्दू विधि*, काठमाडौं : पुस्तक संसार ।

शर्मा, जनकलाल (२०४९), *हाम्रो समाज एक अध्ययन*, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, ज्ञानेन्द्रबहादुर (२०४९), *पारिवारिक कानून* ते.सं., काठमाडौं : पैरवी प्रकासन ।

सुरेन्द्र पालामा बनेको मुलुकी ऐन, वि.सं. १९१० (२०२२), श्री ५ को सरकार, काठमाडौं: कानून किताव व्यवस्था समिति ।

**हिन्दी भाषाका सन्दर्भहरू**

ओशो (१९९७), *नारी और क्रान्ति*, संपा.स्वामी नरेन्द्र वोधिसत्व, स्वामी चैतन्य कृति, दिल्ली : डायमण्ड पाकेट बुक्स ।

*ओशो टाइम्स् इन्टरनेसनल* (१९९९), नोवेम्वर, पुणे : प्रका. ताओ पब्लिसिङ, प्रा.ली. ।

दत्त, रमेशचन्द (१९६६), *प्राचीन भारतकी सभ्यताका इतिहास* (अनु. गोपाल दास) इलाहावाद : इतिहास प्रकाशन संस्थान ।

पराशर (१९६८), *पाराशर स्मृति*, (टीकाकार: श्री वसुदेव) वाराणसी : चौखम्वा संस्कृत सेरीज अफीस,

वर्मा, श्रीमती डा. विनोद (२०००), नारी कामसूत्र (अनु. फिरोज आलम), नईदिल्ली : राधाकृष्ण प्रकाशन प्रा.लि.

मुकर्जी, रवीन्द्रनाथ (१९७९), *सामाजिक विचारधारा : काम्ट से गान्धी तक*, दिल्ली : सरस्वती सदन ।

याज्ञवल्क्य (१९८०), *याज्ञवल्क्य स्मृति* (टिकाकार: मिंहिरचन्द्र शर्मा) मुंवई : श्रीकृष्णदासात्मज-गंगाविष्णो ।

विवेकानन्द (१९९८), *विचारधारा* (सम्पा. आशा गुप्त), दिल्ली : आत्माराम एण्ड सन्स ।